मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक १६ | २०८० साल मंसिर १८ गते सोमबार | Monday 04, December 2023 | सूर्योदय: बिहान ६:३९ बजे | सूर्यास्त: साँझ ५:११ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# कृषि विधेयकः कृषिमा सम्भावना खोजी


**गोविन्द प्रसाद न्यौपाने**
मन्त्री
भूमि व्यवस्था, कृषि तथा सहकारी


**राम अशिष यादव**
प्रदेश सभा सदस्य


**लखन दास**
प्रदेश सभा सदस्य


**किरणकुमारी साह**
प्रदेश सभा सदस्य


**जवाहर लाल कुशवाहा**
प्रदेश सभा सदस्य


**राजेन्द्र प्रसाद चौधरी**
प्रदेश सभा सदस्य

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाको बैठकमा प्रदेश सभा सदस्यहरुले कृषिक्षेत्रको विकास लागि सरकारले ल्याएको विधेयक महत्वपूर्ण रहेको भन्दै सरकारको प्रशंसा गरेका छन् । गणतन्त्रबिरोधी आवाज निस्तेज पार्ने हुँदै मधेशका मुद्दामा केन्द्रित प्रदेश सभामा पहिलोपटक सरकारले ल्याएको विधेयकमा सदस्यहरुको प्रशंसा पनि आएको हो ।
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्द न्यौपानेले प्रदेश सभामा प्रस्तुत गरेको प्रदेश कृषि विकास ऐन २०८० विधेयकमाथि छलफलमा भाग लिँदै प्रदेश सभा सदस्यहरुले कृषिको विकासविना मधेशको समृद्धिको परिकल्पनासमेत गर्न नसकिने भएकाले सरकारले ल्याएको कृषि ऐन निकै सकारात्मक रहेको भन्दै प्रशंसा गरेका हुन् । विधेयकको सैद्धान्तिक छलफलमा भाग लिँदै प्रदेश सभा सदस्य राम अशिष यादवले कृषिलाई वर्गीकरण गर्नुपर्ने आवश्यकता रहेको औल्याउँदै विनावर्गीकरण कृषिको विकास सम्भव नरहेको बताए ।
उनले कृषि मत्स्य र पशुपंक्षीको वर्गीकरण गरेर विकास गर्दा कृषिक्षेत्रको विकास सम्भव रहेको बताए । यादवले भने, 'किसान कार्ड दिएपछि किसानलाई सुविधा हुन्छ र किसानलाई सम्मान गर्ने परिपाटीको विकास गरी कृषिक्षेत्रमा युवालाई आकर्षित गर्न सकिन्छ ।' उनले भने, 'हामीसँग सबै भन्दा ठूलो स्रोत नै कृषि हो ।' विधेयकमाथि छलफलमा भाग लिँदै नेकपा एमालेका लखन दासले युवालाई कृषिमा कसरी प्रोत्साहन गर्न सकिन्छ, त्यसतर्फ सरकारको ध्यान जानुपर्ने आवश्यकता रहेको औल्याउँदै युवा अहिले विदेश पलायन भइरहेको बताउँदै त्यसलाई कृषिसँग जोडेर स्वदेशमै रोजगारीको अवसर सृजना गर्न सकिने बताए । उनले कृषि र किसानलाई सम्मानित पेसा बनाउन सरकारले विशेष योजना ल्याउन सकिने बताए । उनले भने, 'किसानलाई सूचीकरण गरेर मात्रै नहुने र उनीहरुलाई पहिचान गरेर पहिचानपत्रको समेत व्यवस्था हुदा किसानलाई आत्मसम्मान बढ्ने छ । यसले अन्य व्यक्ति जो कृषिबाट विमुख भइरहेका छन्, उनीहरुलाई समेत यसतर्फ आकर्षित गर्नसक्छ ।' कृषिक्षेत्रमा सिमान्तकृत वर्ग धेरै आश्रित छन् । उनीहरुलाई बाढीपहिरोले दुःख दिने गरेको छ । आर्थिक रुपमा समस्या हुने गरेको छ । यस्ता विषयबाट उन्मुक्ति दिन किसानलाई वीमा व्यवस्था गरिनुपर्ने बताइएको छ ।
प्रदेश सभा सदस्य किरणकुमारी साहले 'एक जिल्लाः एक उत्पादन'लाई अगाडि बढाउन सरकारले विशेष प्याकेज व्यवस्था गर्नुपर्ने बताउदै सरकारले यसमा लगानी बढाउन ध्यान दिनुपर्ने बताइन् । उनले भनिन्, 'सरकारले उत्पादन बढाउन योजना ल्याएर किसानलाई कृषिमार्फत आत्मनिर्भर बनाउन सकिने विषयमा ध्यान दिनुपर्छ ।'
प्रदेश सभा सदस्य जवाहर लाल कुशवाहाले मधेश प्रदेशका अधिकांश जनता कृषिमा आश्रित रहेकाले गर्दा मधेशका किसानलाई कृषिक्षेत्रलाई आयसँग जोडेर जानुपर्ने आवश्यकता रहेको औँल्याए । उनले कृषिमा उत्पादन बढाउनुका साथै यसलाई आयसँग जोडेर अगाडि बढाउनुपर्ने बताए । 'किसानको स्थानीय उत्पादनलाई समेत वर्गीकरण गरेर सरकारले उत्पादन बढाउनुपर्ने आवश्यकता छ,' उनले भने ।
कुशवाहाले कृषिक्षेत्रमा बाली वीमा हुँदाहुँदै पनि प्रभावकारीरुपमा नरहेको जिकिर गरे । उनले बाली वीमालाई प्रभावकारी नबनाएसम्म समस्या उस्तै रहने बताए ।
प्रदेश सभा सदस्य राजेन्द्र प्रसाद चौधरीले युवा कृषिपेशामा आकर्षित नहुनुको प्रमुख कारण लागत अनुसारको उत्पादन नहुने रहेको बताए । उनले सरकारले उत्पादन बढाउन मात्रै ध्यान नदिएर बजारीकरणमा समेत ध्यान पुर्याउनुपर्ने आवश्यकता रहेको बताए ।

## पुस २३ गते उम्मेदवारी दर्ता

**मधेशदृष्टि**
**काठमाडौँ ।**
निर्वाचन आयोगले माघ ११ गते हुने राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि तयारी सुरु गरेको छ । त्यसका लागि आयोगले मङ्सिर ३० गते मतदाता नामावली प्रकाशन, पुस १६ गते निर्वाचन  अधिकृतको नियुक्ति र सोही दिन सातवटै प्रदेश निर्वाचन कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना र पुस २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ता गराउने गरी निर्वाचन कार्यक्रम ल्याउने तयारी गरेको छ ।
आयोगको परामर्शमा मङ्सिर १३ गते सरकारबाट निर्वाचनको मिति तोकिएपछि आफूहरु तयारीमा लागेको र आयोगबाट मङ्सिर १४ गते निर्वाचन कार्यक्रम स्वीकृत भएको आयोगका प्रवक्ता शालिकराम शर्मा पौडेलले जानकारी दिए । स्वीकृत कार्यतालिकाअनुसार मङ्सिर २२ गते निर्वाचनमा भाग लिने राजनीतिक दल दर्ताका लागि सूचना प्रकाशन हुनेछ ।
राजनीतिक दल दर्ता भएपछि पुस १ गते राजनीतिक दललाई निर्वाचन चिन्ह प्रदान गरी पुस ४ गते स्वीकृत दलको नामावली नेपाल राजपत्रमा प्रकाशनार्थ पठाइनेछ ।
संविधानको धारा ८६ को उपधारा (३) बमोजिम राष्ट्रियसभाका एक तिहाइ सदस्यको पदावधि  फागुन २० गते समाप्त हुन लागेको र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ बमोजिम पद रिक्त हुनुभन्दा ३५ दिन पहिले (माघ १५ गते सम्म) निर्वाचन गरिसक्नुपर्ने कानुनी व्यवस्था छ । फागुन २० गते निर्वाचित १९ र सरकारबाट मनोनित एक गरी २० सदस्यको पद रिक्त हुँदैछ । निर्वाचनका लागि मतदाता रहेका प्रदेशसभा सदस्यको ५३ र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको १९ मतभारका दरले गणना हुने गरी निर्वाचन आयोगबाट निर्णय भएको भइसकेको छ ।
सभामा प्रत्येक दुई वर्षमा रिक्त हुने एक तिहाइ सदस्य पदको प्रत्येक वर्ष निर्वाचन हुँदै आएको छ । प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीतर्फको उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति राष्ट्रिय सभा सदस्यको निर्वाचनमा उम्मेदवार बन्न नपाउने पनि निर्वाचन आयोगले स्पष्ट पारेको छ । प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३० र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा तीनमामा भएको व्यवस्था अनुसार सोही दफाको उपदफा एकको प्रतिबन्धात्मक वाक्यांश बमोजिम नाम हटेको अवस्थामा बाहेक राष्ट्रिय सभा सदस्यको उम्मेदवार हुन नपाउने आयोगले जनाएको छ ।

## दुई दलको बैठक

" पार्टीको संरचना र सामर्थ्य विस्तारका लागि आवश्यक रणनीति, देशभर सङ्गठन विस्तार तथा पार्टी आधारभूत तहसम्म स्थापित गर्न आवश्यक कार्ययोजना, समसामयिक परिस्थितिबारे छलफल गरिने बैठकले प्रदेश, क्षेत्र र भूगोलको सन्तुलन मिलाएर आवश्यक स्थानमा नेताहरूको जिम्मेवारी हेरफेर "




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एकीकृत समाजवादी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालको केन्द्रीय समिति बैठक काठमाडौँमा आह्वान गरिएको छ । नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीले महाधिवेशनको टुङ्गो लगाउन आज सोमबार १८ गते सचिवालय बैठक बोलाएको छ ।
पार्टीले आगामी माघमा महाअधिवेशन आयोजना तय गरेको थियो । सो समयमा राष्ट्रियसभा  निर्वाचन पर्न गएका कारण नयाँ मिति टुङ्गो लगाउन सचिवालय बैठक बोलाइएको हो ।
पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा बिहान ११ बजे बोलाइएको बैठकमा अन्तरपार्टी निर्देशन (अपानि)मा नेताहरूको जिम्मेवारी हेरफेर, कार्यविभाजन र विभिन्न कमिटीमा मनोनयनलगायत आन्तरिक विवाद समाधान गर्न छलफल गरिने बताइएको छ ।
पार्टीको संरचना र सामर्थ्य विस्तारका लागि आवश्यक रणनीति, देशभर सङ्गठन विस्तार तथा पार्टी आधारभूत तहसम्म स्थापित गर्न आवश्यक कार्ययोजना, समसामयिक परिस्थितिबारे छलफल गरिने बैठकले प्रदेश, क्षेत्र र भूगोलको सन्तुलन मिलाएर आवश्यक स्थानमा नेताहरूको जिम्मेवारी हेरफेर गरी सक्षमता र योगदानका आधारमा नेताहरूको जिम्मेवारी हेरफेर समेत गर्ने जनाइएको छ ।
बैठकमा अन्तर्राष्ट्रिय परिस्थितिबारे छलफल र पार्टीले निर्वाह गर्नुपर्ने भूमिकाबारे रणनीति तय गरिने छ ।
यस्तै, राप्रपा नेपालको केन्द्रीय समिति बैठक मङ्सिर २४ र २५ गते काठमाडौँमा बस्ने भएको छ । बैठकमा पार्टी अध्यक्ष कमल थापाले मुकुकको पछिल्लो राजनीतिक परिस्थिति, पार्टीको वैचारिक, साङ्गठनिक र रणनीतिक कार्यदिशाबारेमा राजनीतिक कार्यपत्र प्रस्तुत गर्ने बताइएको छ । बैठकमा सचिवालय प्रमुख भाष्कर भद्राले सचिवालय, सङ्गठन विभाग प्रमुख राजाराम बर्तौलाले सङ्गठनसम्बन्धी र कोषाध्यक्ष ज्ञानेन्द्र कार्कीले आर्थिक प्रतिवेदनसमेत प्रस्तुत गर्ने कार्यतालिका छ ।
यो प्रत्येक तीन–तीन महिनामा बस्ने नियमित बैठक भएकोसमेत महामन्त्री बर्तौलाले जानकारी दिए । मङ्सिर २५ गते दिउँसो उपत्यकास्तरीय बृहत् कार्यकर्ता भेला गरी बैठक समापन हुने पार्टीले जनाएको छ ।

## मन्त्री फेरिन्नः प्रधानमन्त्री

**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' तत्काल कुनै पनि मन्त्री हेरफेर नहुने दोहो¥याएका छन् । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन 'कोप' २८ मा सहभागी भई आइतबार अपराह्न स्वदेश फर्केका प्रधानमन्त्री दाहालले यस्तो बताएका हुन् ।
प्रधानमन्त्रीको स्वागतका निम्ति त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको अति विशिष्ट कक्षमा सभामुख देवराज घिमिरे, उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, परराष्ट्रमन्त्री नारायणप्रकाश साउद, मन्त्रिपरिषद्का सदस्य, सांसद, निजामती तथा जङ्गी सेवाका वरिष्ठ अधिकारी, युएईको राजदूतावासका उच्च अधिकारी उपस्थित थिए ।
मङ्सिर १४ गतेदेखि कोप–२८ दुबइमा सुरु भएको हो ।
प्रधानमन्त्री दाहाल मङ्सिर १५ र १६ गते 'विश्व जलवायु शिखर सम्मेलन'को उच्चस्तरीय सत्रमा सहभागी भएका थिए । उनले मङ्सिर १६ गते शनिबार सम्मेलनलाई सम्बोधन पनि गरे ।
प्रधानमन्त्री दाहाल युएईको ५२औँ एकता दिवसका अवसरमा युएईले आयोजना गरेको समारोहका साथै 'जायेद सस्टेनेबिलिटी प्राइज अवार्ड' समारोहमा पनि सहभागिता जनाए । मङ्सिर १६ गते जलवायु परिवर्तनका प्रभावबारे नेपालको आवाज उठाउनाका साथै कोप वार्ता प्रक्रियामा पर्वतीय मुलुकका 'एजेन्डा' लाई प्रवद्र्धन गर्न 'हिमालयको आह्वानः जलवायु सङ्कटबाट हामीलाई कसले जोगाउँछ ?' शीर्षकमा  उच्चस्तरीय छलफल आयोजना गरे ।
प्रधानमन्त्री दाहालले उच्चस्तरीय सम्मेलनमा सहभागी हुने सिलसिलामा दुबइमा एकत्रित भएका विभिन्न मुलुकका राष्ट्र–सरकार प्रमुखका साथै अन्य उच्चपदस्थ व्यक्तित्वसँग बेग्लाबेग्लै द्विपक्षीय भेटवार्तामा सरिक भए ।

## मारिएकाको हुलिया मधेशीसँग मिल्दोजुल्दो




**मधेशदृष्टि**
**वीरगंज ।**
मंसिर ६ गते चितवनको भरतपुर महानगरपालिका–१२ मिलनचोक नजिकै केरुंगा खोलाको कल्भर्टमा भेटिएको शवको अझै पहिचान भएको छैन । पहिचान खुलाउन प्रहरीले मृतकको अनुहारको स्केच सार्वजनिक गरेको छ । स्केच भने मधेशी अनुहारसँग मिल्दोजुल्दो भएकाले कतै मधेशका नागरिकको त भरतपुरमा हत्या भएन भनेर सनसनी फैलिएको छ ।
बोराभित्र भेटिएको महिला र पुरुषको शव ११ दिनसम्म पहिचान नभएपछि जिल्ला प्रहरी कार्यालय चितवनले मृतकको स्केच सार्वजनिक गरेर पहिचान खुलाउने जमर्को गरेको छ ।
प्रहरीको विशेष टोलीले शव भेटिएलगत्तै अनुसन्धान सुरु गरे पनि शव कसको भन्ने पनि खुल्न सकेको छैन र कसले हत्या गरेर फाल्यो भन्ने पनि प्रहरीले पत्ता लगाउन सकेको छैन । प्रहरीले यसअघि मृतकका कपडा सार्वजनिक गरेको थियो । कोही पनि व्यक्ति आफन्त हराएको सूचना दिन नआएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।
मृतकको अनुहार प्रष्ट्याउने किसिमको विशेषज्ञद्वारा तयार पारिएको स्केच मृतकको हुलिया, शरीरमा भेटिएका चिजवस्तु, चिह्न तथा कपडाको विवरणसहितको फोटोबाट सनाखत हुनसक्ने भएकाले सार्वजनिक गरेको प्रहरीले जनाएको छ । स्केच हेरेपछि कोही सम्पर्कमा आउँछन् कि भनेर सार्वजनिक गरिएको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ । प्रहरीले लामो समयसम्म सम्पर्क हुन नसकेका आफन्तलाई एकपटक फोन गरेर अवस्था बुझ्न अनुरोध गर्दै आएको छ । नारायणगढ गोन्द्राङ सडकखण्ड–६ लेनमा विस्तार भइरहेको ठाउँमै यो घटना भएकाले कल्भर्ट र त्यस वरपरका बारेमा बुझेका व्यक्तिले नै हत्या गरेर शव फालेको हुनसक्ने आशंका प्रहरीको छ । पुरुष अन्दाजी २५ वर्षका ५ फिट ७ इन्च उचाइका छन् भने महिला ३०–३१ वर्षको ५ फिट ३ इन्च उचाइकी छन् ।

## आगलागीमा करोडौँको क्षति



**मधेशदृष्टि**
**बारा ।**
जीतपुर सिमरा उपमहानगर वडा नम्बर ८ स्थित नेपोभिट टायल्स कम्पनीमा आगलागी हुँदा करोडौँ रुपैयाँ बराबरको क्षति भएको छ । आइतबार दिउँसो उद्योगभित्र जेसिभीले काम गर्ने क्रममा बिजुलीको लाइनमा छोएर विद्युत् लाइन सर्ट हुँदा आगलागी भएको हो ।
आगलागी दिउँसो करिब ३ बजेतिर सुरु भएर साँझ ५ बजेपछि मात्रै नियन्त्रणमा आएको थियो ।  आगो नियन्त्रणमा लिन वीरगंज महानगर, कलैया, जीतपुर सिमरा उपमहानगर र नेपाल प्रहरीको ४ वटा दमकल एकैपटक प्रयोगमा ल्याइएको थियो । आगलागीले उद्योगभित्रका कच्चा पदार्थ, टायल प्याकिङ मेसिन, कटिङ मेसिन, कार्टुन जलेर नष्ट भएको कम्पनीका प्लान्ट इन्चार्ज बद्री कँडेलले बताए ।
आगलागीको घटनालगत्तै जीतपुर सिमरा नगर उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्मा, नगरप्रमुख राजन पौडेल सहितको टोली उद्योगको स्थलगत अनुगमनमा पुगेका थिए ।
टायल्स उत्पादनमा नेपोभिट टायल्स कम्पनी जीतपुर सिमरा उपमहानगरमै ठूलो मानिन्छ । उद्योगमा ३ सय मजदुर कार्यरत छन् । उद्योगको ५० प्रतिशत सामान भारतबाट आयात हुन्छ भने ५० प्रतिशत नेपालकै कच्चा पदार्थ (माटो) बाट उत्पादन गर्ने उद्योगले जनाएको छ । कम्पनीमा उत्पादन भएका टायल्सको बजार भने देशैभर रहेको इन्चार्ज कँडेलले बताए ।

# उमेर ढल्केपछि चाहियो नागरिकता

**रासस**
**सिरहा ।**
धनगढीमाई नगरपालिका–१४ सर्रे अम्बासकी आसमान राई ७० वर्ष पुगेपछि बल्ल नागरिकता बनाउन लागेका छन् । नागरिकता विना सामाजिक सुरक्षा भत्ता नपाइने भएपछि मात्रै उनलाई नागरिकताको आवश्यकता महसुस भएको हो । घर नजिकै नागरिकता शिविर सञ्चालन भएपछि नागरिकता बनाउन उनलाई सजिलो पनि भयो ।
सोही स्थानकी दश नाती–नातीनाको हजुरआमा ५४ वर्षीय छलिमाया खपाङ्लेलाई पनि नागरिकता बनाउनुपर्ने रहेछ भन्ने लागेको छ । चार छोराछोरीकी आमा छलिमायाका नाममा न कुनै चलअचल सम्पत्ति छ न बैंक तथा वित्तीय संस्थामा खाता नै ।
यसअघि उनलाई नागरिकता चाहिन्छ भन्ने कहिल्यै लागेन पनि । श्रीमान्को नागरिकताबाट सबै काम चलेकै थियो । 'मलाई त कसैले नागरिकता चाहिन्छ भनेर अहिलेसम्म भनेका पनि थिएनन् । यसअघि खासै नागरिकता आवश्यक पनि परेन । भत्ता खाने बेलामा त चाहिन्छ रे,' नागरिकता शिविरमा कागजातसहितको प्रक्रिया पूरा गरेपछि छलिमायाले भनिन्, 'के गर्नु हजुर, घर छाडेर कहीँ टाढा गएकी छैन अहिलेसम्म । जानुपर्ने काम पनि परेन । यहाँ पनि यी नै बाहुचाहिँ (श्रीमान्)ले कर गरेर आएको ।' सरकारले गाउँमै आएर सेवा दिएकाले श्रीमती लिएर आएको छलिमायाका श्रीमान् दानबहादुर खपाङ्लेले बताए ।
धनगढीमाई नगरपालिका–१४ को वडा कार्यालयमा युएनडिपीको संस्थागत सुधारमार्फत न्यायमा पहुँच अभिवृद्धि परियोजना–२ अन्तर्गत समग्र जनउत्थान केन्द्र लहान र धनगढीमाई नगरपालिकाको संयुक्त आयोजनमा शनिबार आयोजित नागरिकता शिविर कार्यक्रममा आसमान र छलिमाया जस्तै प्रायः उमेर ढल्केका प्रौढ महिला उपस्थित भई सनखदसहित आवश्यक कागजात मिलाउन व्यस्त थिए । उमेरले थलिएको शरीर, चाउरी परेको अनुहारमा नागरिकता प्राप्त हुने भएपछि सामाजिक सुरक्षा भत्ताको आशमा केही हदसम्मको चमक उनीहरूमा थियो । पुस्तौँदेखि नेपालमै थाकथलो भएका धेरै नागरिक अनेक कारणले नागरिकताविहीन हुनुपरेका कारण सरकारले दिने सुविधाबाट वञ्चित छन् । त्यतिमात्र नभई नागरिकताकै कारण कतिपय अवसर र कामबाटसमेत वञ्चित हुनुपरेको धनगढीमाई नगरपालिकाको उपप्रमुख सङ्गीताकुमारी चौधरी बताउँछिन् ।
'गाउँघरमा नागरिकताको महत्व नबुझ्दा पनि धेरैले नबनाउने गरेका छन् । यसमा अधिकांश महिला तथा मुख्यगरी दुरदराजका उमेर ढल्केका आमा र हजुरआमा छन्,' उपप्रमुख चौधरीले भनिन्, 'नागरिकता नहुँदा निम्न आर्थिक अवस्थाका नागरिक सरकारी सुविधाबाट वञ्चित छन् । सरकार नागरिक नजिकै छ भन्ने अनुभूति दिलाउन, वृद्धवृद्धा, एकल महिला, अपाङ्गता भएका व्यक्तिलाई सहज होस् भनी यो नागरिकता शिविर सञ्चालन गरिएको हो ।'
राज्यसँग नागरिकको कानुनी सम्बन्ध स्थापित गरी अधिकारको रक्षा गर्ने प्रमाणपत्र नागरिकता भएकाले नगरका नागरिक कोही पनि अनागरिक भएर सरकारी सेवा र सुविधाबाट वञ्चित हुन नदिन आफू लागिपरेको धनगढीमाई नगरपालिकाका प्रमुख शिवशङ्कर महतोले जानकारी दिए । उनले भने, 'राज्यले नागरिकलाई विभिन्न सेवासुविधा र अवसर उपलब्ध गराउनुपर्ने दायित्व निर्वाह गर्नुपर्ने हुन्छ र राज्यलेसमेत नागरिकबाट केही कर्तव्यको अपेक्षा राख्दछ ।
नागरिकताबिना हरेक व्यक्तिलाई आधिकारिक काममा समस्या पर्छ ।' यस शिविरबाट कोही पनि नागरिक नागरिकताविहीन नहुने उनले विश्वास व्यक्त गरे ।
अशिक्षा, सूचनाको अभाव, सम्पत्तिमा हक नहुनेलगायत कारण नागरिकताबाट वञ्चित हुनेमा धेरैजसो महिला नै हुने गरेको अधिकारकर्मी देवराज पोखरेलको बुझाइ छ ।
दूरदराजका अधिकांश विवाहित महिला घरपरिवारसँग मिलीजुली बस्दासम्म नागरिकताको आवश्यकता महसुस नगर्ने र पतिपत्नीबीचको सम्बन्ध बिग्रेपछि वा घरपरिवारसँग सम्बन्ध नराम्रो हुँदै गएपछि नागरिकतालगायत अन्य कागजात नहुँदा दुःख पाउने गरेका अनुभव उनीसँग छ । नागरिकता र न्यायका लागि पनि उमेर पुगेका जोसुकै नागरिकलाई नागरिकता बनाउन अनुरोध गर्छन् पोखरेल ।
जिल्लाकै विकट मानिने चुरेको फेदमा अवस्थित धनगढीमाई नगरपालिका–१२, १३ र १४ गरी तीन वटा वडालाई लक्षित गरी नागरिकता शिविर सञ्चालन गरिएको हो ।
शिविरमा जिल्ला प्रशासन कार्यालय सिरहा र इलाका प्रशासन कार्यालय लहानको संयुक्त कर्मचारीको टोली सम्मलित छ । नागरिकताका लागि आवश्यक कागजात र सनखदसहित तीनवटै वडाबाट शनिबार एक सय ४६ जनाले निवेदन दिएको इलाका प्रसासन कार्यालय लहानका प्रमुख लीलाकान्त पौडेलले जानकारी दिए । उनको अनुसार सङ्कलित कागजातका अनुसार प्रक्रिया पु¥याएर मङ्सिर मसन्तसम्म नागरिकता गाउँमै हस्तान्तरण गरिनेछ ।
भौगोलिक कारण दुर्गम भएको तथा यातायातको समस्या तथा गरिबीले यहाँका धेरै नागरिक सम्बन्धित ठाउँसम्म पुग्न नसकी नागरिकताबाट वञ्चित हुनुपरेको अवस्था रहेको जानकारी पाएकाले शनिबारको दिन पारी एक दिन शिविर सञ्चालनका लागि पहल गरेको समग्र जनउत्थान केन्द्र लहानका अध्यक्ष रामभरोसी महतोले जानकारी दिए ।

# अपाङ्गमैत्री पूर्वाधार निर्माणमा मन्त्रीको जोड

**रासस**
**काठमाडौँ ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले भौतिक पूर्वाधार निर्माणलाई अपाङ्गमैत्री बनाउन लागिपरेको बताएका छन् । अपाङ्गता भएका व्यक्तिको ३२औँ अन्तर्राष्ट्रिय दिवसका अवसरमा आइतबार यहाँ आयोजित कार्यक्रममा उनले यातायात, सडक तथा धार्मिकस्थल निर्माण गर्दा अपाङ्गमैत्री बनाउन मन्त्रालयले सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गरे ।
मन्त्री ज्वालाले अपाङ्गता भएका वर्गले आत्मनिर्भर र सम्मानीत जीवन बाँच्न पाउने पहिलो अधिकार हुनुपर्नेमा जोड दिँदै भने, 'संविधानमा मात्र अधिकारका कुरा उल्लेख गरेर मात्रै पुग्दैन, अपाङ्गता भएका व्यक्तिको उत्थानका लागि आत्मनिर्भर र सम्मानित जीवन बाँच्ने वातावरण मिलाउनु राज्यको पहिलो दायित्व हो ।'



राष्ट्रिय अपाङ्गता महासङ्घ नेपालका अध्यक्ष देवीदत्त आचार्यले अपाङ्गता भएका व्यक्तिको अधिकारका लागि तीनै तहका सरकार सकारात्मक हुनुपर्ने बताए ।
'सङ्घ, प्रदेश र स्थानीय सरकारले अपाङ्गता भएका व्यक्तिको क्षमता अभिवृद्धिको कार्यक्रमका लागि आवश्यक बजेट उपलब्ध गर्नुपर्छ' उनले भने । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव सुमनराज अर्यालले राष्ट्रिय अपाङ्गता नीति छिट्टै पारित गर्नुपर्नेमा जोड दिए । उनले भने, 'सामाजिक, आर्थिक तथा पर्यावरणीय न्यायको आयाम समेटिएको राष्ट्रिय अपाङ्गता नीति छिट्टै पारित गर्न मन्त्रालयले पहल गरिरहेको छ । अपाङ्गता भएका वर्गलाई मर्यादित जीवन निर्वाह गर्न अहिलेको प्रविधिसँग जोड्नुपर्छ ।' समाज कल्याण परिषद्का सूचना अधिकारी सञ्जयकुमार मल्लिकले सरकारले यस वर्षको अपाङ्गता दिवसको राष्ट्रिय नारा 'दिगो विकास लक्ष्यप्राप्तिको प्रतिबद्धताः अपाङ्गता भएका व्यक्तिको अपनत्व र नेतृत्वसहितको ऐक्यबद्धता' को मूल मर्मलाई आत्मसाथ गरेर कार्यक्रम तयार गर्नुपर्ने बताए ।
कार्यक्रममा अपाङ्गता भएका क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेका पार्वती पौडेल, सन्तोष पौडेल, भावुकजङ्ग थापा, शर्मिला विश्वकर्मा, टीकाराम घिमिरे, प्रतिमा शर्मा, गोमा अधिकारी, टेकनाथ न्यौपाने, निर्मला देवकोटा र ईश्वर रैलालाई पुरस्कार दिइएको थियो । संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९९२ मा घोषणा गरेदेखि हरेक वर्ष डिसेम्बर ३ का दिन अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवस विश्वभर मनाइँदै आइएको छ ।

# गौतमबुद्धमा उडानका लागि विशेष प्रयास गरिने



रासस
काठमाडौँ ।
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित रुपमा अन्तर्राष्ट्रिय उडान गर्ने कामलाई सरकारले प्राथमिकता दिने बताएका छन् । नेपाल एसोसिएसन अफ ट्राभल्स एन्ड टुर एजेन्ट (नाट्टा) लुम्बिनी प्रदेशको प्रतिनिधिमण्डलसँगसँग आइतबार मन्त्रालयमा मन्त्री किरातीले सो विमानस्थलमा अन्तरराष्ट्रिय उडान गर्ने जहाजलाई सरकारले प्रत्येक उडानको पाँच लाख रुपैयाँ प्रोत्साहनस्वरुप दिनेगरी सरकारले कार्यक्रम ल्याउन लागेको जानकारी दिए ।
उनले भने, 'भैरहवा र पोखराबाट अन्तर्राष्ट्रिय उडान जतिसक्दो छिटो गर्नेगरी हामी लागिरहेका छौँ । गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल भैरहवा र पोखरा विमानस्थलबाट जसले नियमित उडान गर्छ त्यसलाई प्रोत्साहनस्वरुप पाँच लाख रुपैयाँ प्रत्येक उडानको दिने तयारी गरिरहेका छौँ ।' मन्त्री किरातीले नेपाल वायु सेवा निगमको जहाज भैरहवा पठाउन मन्त्रालय तयार रहेको बताए । 'हामीसँग जहाज कम छन् तर भैरहवा र पोखराबाट उडान नगरी हुँदैन । त्यसका लागि हामी तयार छौँ, तपाईंहरुजस्तो पर्यटन व्यवसायीले सकारात्मक सहयोग गर्नुहोस् ।' उनले राज्यको ४३ अर्ब रुपैयाँभन्दा बढी लगानी भएको भैरहवास्थित गौतमबुद्ध विमानस्थल र त्यही विमानस्थल देखेर ६५÷७० अर्ब रुपैयाँ लगानी गरेको निजी क्षेत्रका बारेमा सरकार चिन्तित रहेको समेत बताए ।
मन्त्रीसँगको छलफलमा नाट्टा लुम्बिनीका अन्तरराष्ट्रिय हवाई यातायात समन्वय समितिका संयोजक सञ्जीव जोशीले भैरहवा विमानस्थलबाट अन्तरराष्ट्रिय उडानको थालनी तत्काल गर्न माग गरे । नाट्टा लुम्बिनीका तर्फबाट नौबुँदे ज्ञापनपत्र बुझाउँदै निवर्तमान अध्यक्ष सागर अधिकारीले भैरहवा विमानस्थलबाट अन्तरराष्ट्रिय उडानका लागि नेपाल वायुसेवा निगमको जहाजले थालनी गर्नुपर्नेमा जोड दिए । अधिकारिले भने, 'नेपाल वायुसेवा निगमको जहाज भैरहवा– दिल्ली, भैरहवा–काठमाडौँ सुरु गराउनूस् हामी सिट भरेर पठाउँछौँ ।' नाट्टा लुम्बिनीको प्रतिनिधिमण्डलले आइतबार नै नेपाल वायुसेवा निगमका नायब महाप्रबन्धक जनकराज कालाखेतीलाई समेत ज्ञापनपत्र बुझाएको छ ।

# विश्वविद्यालयको पूर्वाधार यसै वर्ष

**रासस**
**काठमाडौँ ।**
शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रमिला कुमारीले चालु आर्थिक वर्षको वैशाखसम्ममा सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको पूर्वाधार संरचनाको निर्माण पूरा हुने बताएकी छन् ।
राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिको आजको बैठकमा सहिद दशरथ चन्द्र स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको छलफलमा उनले असार मसान्तसम्ममा भौतिक संरचना निर्माणतर्फ पाँच अर्ब ९९ करोड ५२ लाख रुपैयाँ खर्च भइसकेको जानकारी दिइन् ।
राज्यमन्त्री प्रमिलाले ५१.१ हेक्टर क्षेत्रफल जग्गामा ५३ वटा भौतिक संरचना निर्माण हुनुपर्नेमा हालसम्म ४२ सम्पन्न भएको र बाँकी ११ निर्माणाधीन अवस्थामा रहेको बताइन् । उनका अनुसार कैलालीको गोदावरी नगरपालिकास्थित गेटामा निर्माणाधीन विश्वविद्यालयको भौतिक पूर्वाधारका संरचनामध्ये परिसर, सडक, सभाहल, पानी ट्याङ्की र ग्रिनरीको काम भइरहेको छ ।
करिब ९० करोड रुपैयाँमा तयार हुने बाँकी संरचना शीघ्र निर्माण सम्पन्न गर्न निर्माण व्यवसायीलाई निर्देशन दिइएको राज्यमन्त्री प्रमिलाले बैठकमा जानकारी दिइन् । सरकारले चिकित्सा शिक्षा अध्ययन अध्यापन गर्न–गराउन बेग्लै चिकित्सा शिक्षा विश्वविद्यालय स्थापना गर्नसक्ने सोचअनुसार भौगोलिक सन्तुलनसहितको शिक्षाको अभिवृद्धिका लागि सो विधेयक प्रस्तुत गरेको हो । प्रस्तावित विश्वविद्यालय मातहत सुर्खेत मेडिकल कलेज, बुटवल मेडिकल कलेज र बर्दिवास मेडिकल कलेजसमेत सञ्चालन हुनेछन् ।
प्रस्तावित विश्वविद्यालयलाई आफ्नो आङ्गिक शिक्षण संस्थाबाहेक अन्य कुनै पनि शिक्षण संस्थालाई सम्बन्धन वा स्वीकृत दिन नपाइने कठोर व्यवस्था प्रस्ताव गरिएको छ ।
विश्वविद्यालयको सङ्गठन संरचनामा सभा, प्राज्ञिक परिषद्, कार्यकारी परिषद्, अनुसन्धान केन्द्र, स्कूल, शिक्षण संस्था र शिक्षण अस्पताल रहनेछन् ।
विश्वविद्यालयको पदाधिकारीमा कुलपति, सहकुलपति, उपकुलपति, रजिस्टार, डीन, क्याम्पस प्रमुख तथा अस्पताल निर्देशक रहने व्यवस्थाका लागि प्रस्ताव गरिएको छ ।

# १० बिघा १५ कठ्ठाको गाँजा फँडानी



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ठोरी तथा जिराभवानी गाउँपालिकामा अवैध रुपमा लगाईको गाँजा खेती नष्ट गर्ने अभियानले तीब्रता पाएको छ ।
अभियानअन्तर्गत आइतबारसम्म १० बिद्घा १५ कठ्ठामा गाँजा फडानी गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।
जिल्ला प्रहरी कार्यालय पर्सा, इलाका प्रहरी कार्यालय ठोरी, सुवर्णपुर, प्रहरी चौकी महादेवपट्टि, विजयबस्तीले गाँजा फँडानी अभियान जारी राखेका छन् ।
अभियानअन्तर्गत आइतबार ठोरी गाउँपालिकाका वडा–५ मा ११ कठा, वडा–४ मा ४ कठा र जिराभवानी गाउँपालिका वडा–१ मा १० धुरमा लगाइएको गाँजा खेती नष्ट गरिएको पर्सा प्रहरीले जनाएको छ ।
गाँजा खेतीमा संलग्न व्यक्तिको पहिचान तथा खोजतलास गरी कानुनी कारबाहीमा ल्याउने कार्यसमेत भइरहेको पर्सा प्रहरीले जनाएको छ ।

# स्रोत नखुलेको आठ लाखसहित फिरोज पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**
सशस्त्र प्रहरीले सिराहाको बडियारपट्टीबाट स्रोत नखुलेको आठ लाख रुपैयाँ रकम सहित एकजनालाई नियन्त्रणमा लिएको छ ।
भारतबाट नेपालतर्फ साइकलमा पैसा बोकेर आउँदै गरेको अवस्थामा बरियारपट्टी गाउँपालिका–३ महरा टोलबाट स्रोत नखुलेको आठ लाख रकमसहित बडियारपट्टी–२ श्रीपुरका ४२ वर्षीय मोहम्मद फिरोजलाई नियन्त्रणमा लिइएको हो ।
सशस्त्र प्रहरी बल, नेपाल चेक प्वाईन्टले शंका लागि चेकजाँच गर्दा उनको साथबाट रकम फेला परेको सशस्त्र प्रहरी बल नेपाल, नम्बर ७ गण सिरहाका प्रमुख एसपी शिव प्रसाद गैरेले बताए । रुपैयाँसहित नियन्त्रणमा रहेका व्यक्तिर्लाई आवश्यक कारबाहीको लागि भन्सार कार्यालय माडर सिरहामा बुझाइएको छ ।

# स्मार्ट लाइसेन्स छपाईमा ढिलाई

**मधेशदृष्टि**
**वीरगंज ।**
करिब ५ महिनादेखि बन्द भएको सवारी चालक अनुमतिपत्र (स्मार्ट ड्राइभिङ लाइसेन्स)को नियमित छपाइ थाल्न अझै एक महिना लाग्ने भएको छ । यसले गर्दा छाप्न बाँकी लाइसेन्सको संख्या पनि थप बढ्दै गएको छ ।
यातायात व्यवस्था विभागका अनुसार छाप्न बाँकी लाइसेन्सको संख्या मात्रै साढे १३ लाख भन्दा माथि छ ।
एउटा मात्रै मास प्रिन्टरबाट नियमित छपाइ हुँदा पनि प्रक्रिया पूरा गरेका लाइसेन्स छपाइमा एक वर्षसम्म ढिलाइ हुने गरेको छ । विद्युतीय चिप्ससहितको लाइसेन्स छाप्ने कार्ड नै सकिएपछि असारको पहिलो सातादेखि नियमित लाइसेन्स छपाइ ठप्प छ । दैनिक रूपमा प्रदेश अन्तरगतका लाइसेन्स कार्यालयहरूले परीक्षा लिएर सवारी चालक अनुमतिपत्रको छपाइका लागि प्रक्रिया पूरा गरिरहँदा सरकार भने सीमित संख्याको कार्डको उपलब्धताका कारण वैदेशिक रोजगारी र अध्ययनमा जानेहरूलाई मात्रै कार्ड छापेर दिइरहेको छ ।
अन्य नियमित प्रक्रियाबाट लाइसेन्स पाउने आशा गरिरहेका थुप्रै सवारी चालक लाइसेन्सविहीन छन् ।
विभागका महानिर्देशक उद्धबप्रसाद रिजालले जर्मनीको म्युहलबाअर कम्पनीले १२ लाख कार्ड आपूर्ति गर्ने गरी भएको सम्झौता अनुसार यही डिसेम्बर महिनाभित्रै कार्ड आपूर्ति सुरु हुने बताए । ४ महिनाअघि नै सम्झौता भए पनि लाइसेन्स प्रणाली चलाइरहेको भारतको मद्रास सेक्युरिटी प्रिन्टर्सले जर्मन कम्पनीको कार्डलाई प्रणालीमा फिट हुने गरी पर्सनलाइजेसन गर्न समय लगाएको थियो ।
यसले गर्दा कार्डको आपूर्तिको अर्डरसमेत प्रभावित भएको थियो । विभागले लाइसेन्स छपाइमा ढिलाइ भएपछि सवारी चालकलाई एक वर्षका लागि क्युआर कोडसहितको अस्थायी लाइसेन्स दिने गरेको छ ।
तर, यस्तो एक वर्षको अवधि सकिँदासम्म पनि सरकारले लाइसेन्स छापेर दिन सकेको छैन । सरकारले लाइसेन्स छपाइमा ढिलाइ गर्दा लाखौँ सवारी चालक मर्कामा परेका छन् ।

# संवैधानिक अधिकार सुनिश्चितता हुनुपर्छः नेपाल

**रासस**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले अपाङ्गता भएका व्यक्तिको संवैधानिक अधिकार सुनिश्चितता गर्नुपर्ने बताएका छन् । अध्यक्ष नेपालले ३२औँ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसका अवसरमा विज्ञप्ति जारी गर्दै संवैधानिक व्यवस्थाअनुसार सार्वजनिक निकाय तथा विभिन्न कार्यस्थल अपाङ्गतामैत्री बनाइनुपर्नेमा जोड दिए ।
उनले समाजमा विद्यमान सबै प्रकारका भेद्भावका अन्त्य गरी मुलुकमा जनताको आर्थिक तथा सामाजिक रुपान्तरण कायम गर्नुपर्ने उल्लेख गर्दै विविधताले भरिएको मुलुकमा सामाजिक एकता कायम गर्न जातीय,



लैङ्गिक तथा वर्गीय विभेद बाधक रहेकाले यसको अन्त्य गर्नुपर्ने बताए ।
पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले मुलुकमा विभिन्न समयमा भएको जनआन्दोलनबाट राजनीतिक क्रान्ति पूरा गरिएको भन्दै सबै नागरिकलाई सामाजिक न्यायका साथै समानताका कानुनी अधिकार रहेकाले त्यसलाई सुरक्षित गर्ने दायित्व राज्यको भएको उल्लेख गरे ।
सन् १९९२ मा संयुक्त राष्ट्रसङ्घले घोषणा गरेदेखि हरेक वर्ष डिसेम्बर ३ मा अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवस मनाउन थालिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा अपाङ्गता भएका व्यक्तिको सङ्ख्या ६ लाख ४७ हजार सात सय ४४ छ ।

# राजनीतिक नेतृत्वमा बलियो निष्ठा र अठोटको आवश्यकताः राई

‘मुलुकलाई सही दिशा र उपयुक्त निकास दिनेबारे को जानकार छैनन् ? प्रधानमन्त्री, पूर्वप्रधानमन्त्रीसँग धेरै सूचना र जानकारीको स्रोत हुन्छ, थियो । तर उहाँहरूले किन गर्नुहुन्न त ? मलाई लाग्छ नेतृत्वमा मुलुक निर्माणका लागि अठोटको अभाव हो ।’



- नेतृत्वमा अठोटको अभावले जनतामा राजनीतिप्रति नै विश्वास गुम्दै गयो
- हाम्रो अपेक्षाअनुसार कानुन निर्माणको काम भएन
- मितिको बैठकमा सम्बन्धित मन्त्रालयका मन्त्री नआइदिने र बेवास्ता गर्ने देखियो
- ‘सांसद पद सकिएपछि पनि जनताको हक–अधिकारको आन्दोलनमा लागिरहने छु

काठमाडौं ।
राष्ट्रियसभाका सदस्य रामचन्द्र राईले मुलुकलाई सही दिशामा अघि बढाउन राजनीतिक नेतृत्वमा बलियो निष्ठा र अठोटको आवश्यकता भएको बताउँछन् । सांसदसँग रासस संवादमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद राईले छ वर्षे अवधिको संसदीय अनुभव सुनाउँदै नेतृत्वमा अठोटको अभावले जनतामा राजनीतिप्रति नै विश्वास गुम्दै गएको टिप्पणी गरे । ‘बाहिर हुँदा यो यहाँ कमी–कमजोरी छ, यसो गर्नुपर्छ भन्छन् । तर जब आफैं गर्नुपर्ने ठाउँमा पुग्छन्, बिर्सिन्छन् र निष्ठा डगमगाउँछ’, उनले भने, ‘निष्ठा डगमगाउँदा हाम्रो समग्र राजनीतिप्रति आममानिसले ‘यी सब चटके हुन्’ भन्न थालेका छन् ।’

उनले राजनीतिक नेतृत्वसँगसँगै कर्मचारीको माथिल्लो तहका नेतृत्वलाई इमानदारपूर्ण अठोटको आवश्यकता भएको बताए । ‘उहाँहरूले देशका समस्या र चुनौती ठीक ढङ्गले अझ भनौं जस्तो छ त्यसैगरी बुझ्नुभएको छ ।

तर त्यसलाई कार्यान्वयन गर्ने आँट जबसम्म हुँदैन सुधार सम्भव छैन । हो, निष्ठा र अठोटको खाँचो छ’, सांसद राईले भने । विसं २०३५ देखि राजनीतिक यात्रा सुरु गरेका उनले २०७४ साल फागुन २० गते राष्ट्रियसभा सदस्यका रुपमा शपथग्रहण गरेका थिए । यही वर्षको आगामी फागुनदेखि उनको कार्यकाल सकिँदैछ । पहिलोपटक सङ्घीय सांसदको भूमिका निर्वाह गरेका राईलाई संसदीय अभ्यासको छ वर्ष पुग्दै गर्दा भने जनताका आशा र अपेक्षाअनुसार काम नभएकोप्रति गुनासो छ । उनले भने, ‘व्यवहारतः हाम्रो अपेक्षाअनुसार कानुन निर्माणको काम भएन । हामीले अपेक्षा गरेको जनताको कुराले निकास पाएन ।’ उनले दलीय व्यवस्थामा दलका नेताको कुरा नै बढी सुन्ने अभ्यासबाट सांसद सार्वभौम छ भन्दा पनि ‘व्यक्तिको बोली कति बिक्छ’ भन्ने कुरामा मापन हुने गरेको विचार राखे । ‘अहिलेको सरकार होस् वा यसअघिका जनताको आवश्यकता, इच्छा र आकाङ्क्षालाई पूरा गर्न प्रयत्नरत भएको देखिँदैन’, मुलुकमा सकारात्मक परिवर्तनका लागि अठोटको आवश्यकता औंल्याउँदै उनले भने, ‘मुलुकलाई सही दिशा र उपयुक्त निकास दिनेबारे को जानकार छैनन् ? प्रधानमन्त्री, पूर्वप्रधानमन्त्रीसँग धेरै सूचना र जानकारीको स्रोत हुन्छ, थियो । तर उहाँहरूले किन गर्नुहुन्न त ? मलाई लाग्छ नेतृत्वमा मुलुक निर्माणका लागि अठोटको अभाव हो ।’ संवादका क्रममा सांसद राईले विधायिकाको रुपमा उठान गरेका जनताका मुद्दाले निकाश नपाउँदा तितो अनुभव गरेको गुनासो गरे । ‘मेरो तितो अनुभव, जनताका कुरा सदनमा राख्ने र उजागर गर्ने काम गर्यौं, तर निकाश पाएन’, उनले दोहोर्याए, ‘आमजनताले सङ्घीय सांसदले आफ्ना समस्या ‘न्यारो डाउन’ गर्छन् भन्ने हामीमाथिको विश्वास र अपेक्षालाई पूरा गर्न सकेनौं ।’ राष्ट्रियसभाबाट विगत छ वर्षमा कानुन निर्माणको काम भएता पनि कार्यान्वयनको पाटो कमजोर रहेको उनको भनाइ छ । ‘छ वर्षमा धेरै कानुन बनायौं भन्ने लाग्छ मलाई । तर कार्यान्वयन गर्नेले ठिक ढङ्गले गरेनन्’, उनले भने । सांसद राईले सरकारलाई जिम्मेवार र उत्तरदायी बनाउने भूमिका प्रभावकारीरूपमा निर्वाह गरेको दाबी गरे । उनले संसदीय समितिमार्फत सरकारलाई जनतासँग गरिएका बाचा पूरा गराउन बाध्यकारी भूमिका निर्वाह गरेको स्मरण गर्दै भने, ‘समितिको बैठकमा सम्बन्धित मन्त्रालयका मन्त्री नआइदिने र बेवास्ता गर्ने देखियो । समितिले निर्देशन दिन्छ, निर्देशन मान्नुपर्छ भन्ने छ तर नमाने के गर्ने ?’ समितिका निर्देशन कार्यान्वयन नभएका विषयमा सांसदहरूले सदनमा पटक–पटक ध्यानाकर्षण गराउँदा पनि नेतृत्वले आत्मसात् गर्न नसकेको उनको भनाइ छ । माथिल्लो सदनका रुपमा चिनिने राष्ट्रियसभा दलीय प्रभावबाट टाढा हुन्छ । तर पछिल्लो समय दलीय प्रभावबाट अछुतो रहन नसकेको सांसद राईले आशङ्का गरे । उनले भने, ‘सैद्धान्तिक हिसाबले हामी सबैले बुझेको यो सभा दलीय प्रभावबाट टाढा हुन्छ भन्ने नै हो । तर व्यवहारतः त्यो हुन सकेन, कार्यान्वयन तहमा त्यो हुन सकेन ।’ यद्यपि राष्ट्रियसभा सदस्यले प्रभावकारी भूमिका निर्वाहमा कुनै कसुर नछाडेको उनले दाबी गरे । ‘प्रतिनिधिसभामा जति कुरा उठ्छ त्यो भन्दा धेरै राष्ट्रियसभामा उठ्छ । छायाँमा पर्या होइन, हामीलाई छायाँमा पारिएको हो’, उनले भने, ‘प्रधानमन्त्री बनाउन प्रतिनिधिसभाको मात्र भूमिका हुन्छ । प्रधानमन्त्रीले आफूलाई निर्माण गर्ने पाटो सभालाई प्रमुख पाटो भन्ने सम्झिनुभयो ।’ एकसठ्ठी वर्षीय सांसद राईले माथिल्लो सदनको भूमिकालाई व्यवहारिकरूपमा ओजपूर्ण बनाउन आवश्यक भएको बताए ।

थोरै सदस्य सङ्ख्या र सरकार निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न नसक्ने कारणले राष्ट्रियसभा नेतृत्वको प्राथमिकतामा नपरेको उनको धारणा छ । ‘राष्ट्रियसभालाई ‘लर्ड हाउस’, गम्भीर, मर्मस्पर्शी र जनतासँग भिजेको कुरा ल्याउने सभा भन्ने नेताहरूले नै सुन्नचाहिँ कम सुन्ने गर्नुहुन्छ’, सांसद राईले भने, ‘यो निरन्तर जनप्रतिनिधिमूलक संस्था हो । तर आफूलाई निर्माण गर्ने संस्था यो होइन भनेर ध्यान नदिनेबित्तिकै यो छायाँमा पारिन्छ भन्ने मेरो बुझाइ हो ।’ कतिपय सांसदहरूले राष्ट्रियसभा छायाँमा परेको गुनासो गरिरहँदा सांसद राईको फरकमत छ । ‘हाम्रो भूमिकाले हामी छायाँमा परेका होइन । हाम्रो काम जति भए पनि कार्यकारी पक्षबाट कार्यान्वयन गर्ने नगर्दा आमजनतामा गलत सन्देश प्रवाह भएको छ’, उनले भने, ‘समाजका केही समूह रमिताका रमाउने र ठूला कुरा कसले गर्छ उसको कुरामात्र सुन्दा समस्या भएको हो ।’ उनले कार्यकारीले सभाको सुझाव र निर्देशनलाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । तर महत्त्वकाङ्क्षी बाचा गरेर काम नगर्ने प्रवृत्तिका कारण जनतामा निराशा बढेको उनको बुझाइ छ । उनी विसं २०४० मा मकवानपुर जिल्लाको अनेरास्ववियु जिल्ला कमिटी सदस्य हुँदै सहसचिव, उपाध्यक्ष र २०५० सालतिर प्रयासुसङ्घ नेपाल जिल्ला कमिटी अध्यक्ष बने । नेकपा (एमाले)का एक नम्बर क्षेत्रीय इन्चार्ज, जिल्ला कमिटी अध्यक्ष र बागमती प्रदेश कमिटी सदस्यसमेत बनेका उनले २०४६ सालमा एक महिना भारत निर्वासितसमेत भए । उनले संसदीय भूमिकाबाट बाहिरिए पनि जनताको हक–अधिकार प्राप्तिका लागि निरन्तर लागिपर्ने योजना सुनाए । ‘सांसद पद सकिएपछि पनि जनताको हक–अधिकार प्राप्तिको आन्दोलनमा सकुञ्जेल लागिरहेछु । एमालेलाई कसरी सशक्त र बलियो बनाउने त्यसका लागि पार्टीले दिएको जिम्मेजारी निर्वाह गर्नेछु ।’

# प्राथमिकतामा एक हजार चार सय योजना



रासस
म्याग्दी ।
गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले बजेट कार्यान्वयन सुधार गर्न कार्ययोजना बनाएको छ । प्रदेश सरकारको कुल २० अर्ब रुपैयाँ पुँजीगत बजेटको आधाभन्दा बढी बजेटको हिस्सा ओगटेको यो मन्त्रालयले चालु आर्थिक वर्षमा सडक, मोटेरेबल पुल, भवन र झोलुङ्गे पुलसम्बन्धी एक हजार चार सय योजना कार्यान्वयन गर्दैछ । मन्त्रालयस्तरीय समस्या समाधान समितिको बैठक र पहिलो चौमासिकको समीक्षा कार्यक्रम चालु आवमा ८० प्रतिशत पुजीगत बजेट खर्च हुनेगरी योजना कार्यान्वयन गर्ने कार्ययोजना बनाउँदै शनिबार म्याग्दीको अन्नपूर्ण गाउँपालिका–६ घोडेपानीमा सम्पन्न भएको प्रवक्ता टीकाराम पौडेलले जानकारी दिए । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जाली, आर्थिक मामिलामन्त्री जितप्रकाश आले, प्रदेशसभा सदस्य हरिबहादुर भण्डारी, प्रदेशको योजना तथा नीति आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटा, भौतिक मन्त्रालयका सचिव शङ्करप्रसाद पण्डित, अर्थसचिव बलराम रिजाल र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव यमुना प्रधानसहित मन्त्रालय मातहतका निर्देशनालय, महाशाखा, ११ वटै जिल्लाका पूर्वाधार विकास र यातायात व्यवस्था कार्यालयका प्रमुखको सहभागितामा कार्यक्रम भएको थियो । मन्त्रालयका सचिव पण्डितले मङ्सिर मसान्तसम्म १०, पुसमा १५, माघमा २२, फागुनमा ३३, चैतमा ४५, वैशाखमा ५५, जेठमा ७० र असारमा ८० प्रतिशतभन्दा बढी बजेट खर्च गर्नेगरी योजना कार्यान्वयनको कार्ययोजना बनाइएको जानकारी दिए ।

‘चालु आव २०८०/८१ का लागि १२ अर्ब आठ करोड ९९ लाख २४ हजार रुपैयाँ बजेट विनियोजन भएकामा मङ्सिर १५ गतेसम्म आठ दशमलव ११ प्रतिशत अथवा ९८ करोड नौ लाख तीन हजार रुपैयाँ खर्च भएको छ’, उनले भने, ‘मन्त्रालयका एक हजार चार सय ६४ योजनामध्ये एक सय १६ वटाको ठेक्का सम्झौता, दुई सय ८१ वटाको बोलपत्र आह्वान, चार सय आठवटाको लागत अनुमान तयार र बहुवर्षीय ठेक्का लगाउने ४१ वटा योजनाको स्रोत सुनिश्चितता भएको छ ।’ सचिव पण्डितका अनुसार थप ६० वटा योजनाको बहुवर्षीय ठेक्का लगाउन स्रोत सुनिश्चितताको तयारी भएको छ । गत आव २०७९/८० मा कुल विनियोजन भएकोमध्ये ५८ प्रतिशतमात्र बजेट खर्च गरेको मन्त्रालयले एक सय ७४ किलोमिटर सडक कालोपत्र, १५ वटा सडक पुल र १२ वटा झोलुङ्गे पुल निर्माण गरेको थियो । यस वर्ष थप तीन सय किलोमिटर सडक कालोपत्र, २५ वटा सडक पुल र २० वटा झोलुङ्गे पुल निर्माण गर्ने लक्ष्य प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ । भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री जुग्जालीले निर्वाचन, दुईपटक भएको सरकार परिवर्तन तथा अन्तरमन्त्रालय समन्वय अभावमा गत आवको बजेट कार्यान्वयन सन्तोषजनक नरहेको बताए । उनले यसपालि लक्ष्यानुसार बजेट र योजना कार्यान्वयन गर्न समस्या रहेको दाबी गरे । ‘यसवर्ष योजनाको सङ्ख्या एक हजार आठ सयबाट घटाएर १४ सयको हाराहारीमा झारेका छौं । भौतिक, अर्थ र मुख्यमन्त्री कार्यालयबीच प्रभावकारी समन्वय भएको छ’, उनले भने, ‘जनशक्ति व्यवस्थापन र समन्वयको जिम्मेवारी मन्त्रालयले लिन्छ ।

गलत नियतले बजेट र योजना कार्यान्वयन प्रभावित बनाउने गतिविधि सह्य हुँदैन ।’ बजेट खर्च बढाउने दबाबमा कामको गुणस्तरमा भने सम्झौता नगर्न निर्देशन दिए । कार्यक्रमको उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले टुक्रे योजनामा समय र श्रम खर्च नगर्न आग्रह परिणाम आउने काममा केन्द्रित हुन मन्त्रालय र मातहतका कार्यालय प्रमुखलाई निर्देशन दिएका थिए । आर्थिक मामिलामन्त्री आलेले प्रदेशले प्राथमिकता दिएका योजनालाई बजेट अभाव हुन र प्रक्रियागत झन्झट हटाउन सहजीकरण गर्ने प्रतिबद्धता जनाए । कार्यक्रममा मन्त्रालय मातहतका यातायात व्यवस्था कार्यालयका प्रमुखले चालु आवको मङ्सिर १५ गतेसम्म ५६ करोड ८४ लाख ८६ हजार तीन सय ४९ रुपैयाँ राजस्व सङ्कलन भएको जानकारी गराइएको थियो ।

पूर्वाधार विकास निर्देशनालयका निर्देशक डा महेन्द्र बानियाँले प्रदेश सरकार स्थापना भएको छ वर्षको अवधिमा कुल एक हजार तीन सय दुई सडक स्तरोन्नति र ८१ वटा सडक पुल निर्माण भएको जानकारी दिए । ५६ अर्ब ५९ करोड नौ लाख रुपैयाँ खर्च गरेर पाँच सय ९९ किलोमिटर सडक ग्राभेल, छ सय ६८ किलोमिटर सडक कालोपत्र गरेको निर्देशक बानियाँले बताए । कार्यक्रममा सहभागी मन्त्रालयमातहतका कार्यालय प्रमुखले जनशक्तिको अभाव, समयमा बजेटको रकमान्तर नहुने, सार्वजनिक खरिद ऐन र वन ऐन विकास आयोजनामैत्री नहुनु योजना कार्यान्वयनका चुनौती रहेका बताएका थिए ।

# ‘निकुञ्ज क्षेत्रमा क्षतिपूर्तिसम्बन्धी कानुन विभेदकारी’

रासस
नवलपुर ।
नवलपरासी (बर्दघाट–सुस्तापूर्व)मा स्थानीयले मध्यवर्ती क्षेत्र खारेजी गर्न माग गर्न थालेपछि सङ्घीय सांसदको टोलीले जिल्लाका सरोकारवालासँग छलफल थालेको छ । राष्ट्रियसभाअन्तर्गत राष्ट्रिय सरोकार तथा समन्वय समितिकी सभापति दिलकुमारी रावल (पार्वती) नेतृत्वको टोलीले जिल्लामा छलफल गर्दै निकुञ्ज ऐन संशोधनका लागि सरकारलाई सुझाव दिने जनाएको छ । सभापति रावलले सरकारले राष्ट्रिय निकुञ्ज ऐनलाई संशोधन नगरी नियमावलीमात्रै संशोधन गरेकाले यस क्षेत्रका जनताको रायसहित सरकारलाई ऐन संशोधनका लागि सुझाव दिइने बताइन् । ‘पुराना ऐनलाई समयसापेक्ष, नयाँ व्यवस्था अनुकूल तथा सङ्घीयता अनुकूल बनाउन हामीहरूले जोड दिएका छौं’, उनले भनिन्, ‘सरकारले ऐन संशोधनको विधेयक नल्याए समितिले निजी विधेयकका रुपमा भए पनि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई संशोधनको काम अगाडि बढाउँछ ।’ मर्यादा सम्बन्धमा राष्ट्रियसभाले निजी विधेयक ल्याएको उल्लेख गर्दै सभापति रावलले मर्यादासहित राष्ट्रिय गान, सलामीको विषय समेटेपछि मात्रै सरकारले चासो देखाएको बताइन् । मुलुकमा जारी हुने कानुन अनुसन्धानमा आधारित हुनुपर्ने जनाउँदै उनले सङ्घीय सांसदले बनाएको तीन सय ४८ ऐन मुलुकमा जारी रहेको बताए । ‘कति कानुन कार्यान्वयन गरे पनि हुने नगरे पनि हुने खालका भएका कारण कानुन दोहोरो परिरहेको छ’, उनले भनिन्, ‘ऐनको विपरीत गएर नियमावली बन्ने यस्तो खालको अव्यवस्थित पद्धतिलाई व्यवस्थित गर्ने हिसाबले पनि राष्ट्रियसभाले राष्ट्रिय सरोकारका विषयमा जनताको राय बुझ्न लागेको हो ।’

राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रसम्बन्धी कानुन दोहोरो भएको जनाउँदै उनले त्यस्ता कानुनका विषयमा पनि राष्ट्रियसभाले चासो दिएर सरकारलाई ऐन संशोधन गर्न दबाब दिइने बताइन् । सङ्घीय सरकारले जारी गरेको ऐनको परीक्षण गर्नुपर्ने जनाउँदै उनले कानुन मुलुकको हितका लागि जनताको हितका लागि हुनुपर्नेमा जोड दिइन् । ‘कानुन सरल हुनुपर्छ, जनतालाई राहत कसरी दिन सकिन्छ भन्ने खालको हुनुपर्छ, अझ भन्दा कानुन कार्यान्वयनयोग्य हुनुपर्छ’, उनले भने, ‘पछिल्लो पाँच वर्षमा राष्ट्रियसभाले झण्डै ८० प्रतिशत बढी कानुन नयाँ संशोधन गराएको छ ।’ बनेका ऐनलाई कार्यान्वयन गराउने र कार्यान्वयन हुन नसकेका ऐनलाई संशोधन गर्नुपर्ने उनले बताए । नवलपुरको कावासोती–१५ स्थित अमलटारीमा राष्ट्रियसभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिले नवलपुरका स्थानीय तहका जनप्रतिनिधि, निकुञ्जका प्रतिनिधि, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, राजनीतिक दल, पर्यटन व्यवसायी, संरक्षणकर्मी, सामुदायिक वन समितिका प्रतिनिधिसँग छलफल तथा राय सुझाव सङ्कलन गरेको हो । छलफलमा सहभागी अधिकांशले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ का कारण नवलपुरको विकास निर्माणको गति रोकिनुका साथै यहाँका बासिन्दाको जनजीविकामा ठूलो समस्या उत्पन्न भएको बताए ।

राष्ट्रिय निकुञ्ज ऐन, २०२९ सहित मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली साथै विभेदकारी कानुनका कारण मध्यवर्ती क्षेत्रका बासिन्दाले दुःख भोग्दै आएका स्थानीयको गुनासो छ । कावासोती नगरपालिका प्रमुख विष्णुप्रसाद भुसालले मध्यवर्ती क्षेत्रसँग जोडेर निर्माण गरिएका विभिन्न कानुनी अवरोधका कारण स्थानीयले मध्यवर्ती हटाउन आवाज उठाएका बताए । निकुञ्ज ऐन र मध्यवर्ती क्षेत्रको नियमावलीलाई संशोधन गरेर संरक्षण र जनतामैत्री बनाउनुपर्ने कुरामा जोड दिँदै उनले क्षतिपूर्तिसम्बन्धी कानुन विभेदकारी भएको बताए । नारायणी नदीले नवलपुरतर्फको जमिन कटान गर्दै धार परिवर्तन गर्दा निकुञ्जको सिमाना मानिएको नारायणी नदी नवलपुरतर्फ बग्न लागेपछि जनताको लालपुर्जा भएको जग्गामा पनि निकुञ्जले दाबी गर्दा धेरै जनताको उठिबास भए पनि जनताले राहत र क्षतिपूर्ति नपाएको उनले बताए । देवचुली नगरपालिका हरिप्रसाद न्यौपानेले स्थानीयको सहयोगले संरक्षण भएको निकुञ्ज र मध्यवर्ती क्षेत्रका कारण स्थानीयवासी समस्यामा परेकाले जनताले मध्यवर्ती क्षेत्र खारेजीको मुद्दा उठाएका बताए । उनले भने, ‘मध्यवर्ती क्षेत्रमा पर्ने नदीजन्य पदार्थ उत्खनन गर्न नपाउँदा बस्तीभन्दा खोला माथि आउन लागेका कारण मध्यवर्ती क्षेत्रप्रति वितृष्णा बढेको छ ।

नदीजन्य पदार्थको उत्खननको जिम्मा स्थानीय सरकारलाई दिन सकेमा मध्यवर्ती क्षेत्र र संरक्षणमा स्थानीय जागरुक हुनेछन् ।’ गैँडाकोट नगरपालिका उपप्रमुख शान्ति कोइरालाले मध्यवर्तीका कारण जनताले दुःख पाएको र विकास निर्माणमा अवरोध आएका कारण गैँडाकोटलाई मध्यवर्ती क्षेत्रबाट हटाइदिन आग्रह गरे । विनयी त्रिवेणी गाउँपालिकाका अध्यक्ष घनश्याम गिरीले निकुञ्जको ऐन र नियमावली संशोधनका विषयमा पटक–पटक छलफल भएकाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली संशोधन भएर संरक्षणसँगै विकासमैत्री पनि आउने कुरामा आशावादी रहेको बताए । नयाँ ऐन र नियमावली आउँदा नदीजन्य पदार्थको दोहोरो मापदण्ड हटाएर निकुञ्जको समन्वयमा जिम्मा स्थानीय तहलाई दिनुपर्ने तथा राजस्व बाँडफाँटको व्यवस्था ऐनमा नै हुनुपर्ने विषयमा उनले जोड दिए । संरक्षणकर्मी एवं होमस्टे महासङ्घ नेपालका केन्द्रीय अध्यक्ष प्रेमशङ्कर मर्दनियाले स्थानीय जनता रक्षक बन्दा निकुञ्जले पटक–पटक शून्य चोरी सिकार वर्ष मनाउन सफल भएको जानकारी दिए । उनले भने, ‘जनतालाई सँगै लिएर हिँड्न सकिएन भने अबको केही वर्षमा निकुञ्जको अस्तित्व नै सङ्कटमा पर्नेसक्छ ।’ वन्यजन्तुलाई पर्यटनसँग जोड्न सकेमा पनि मध्यवर्तीप्रति स्थानीयको भरोसा बढ्दै मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा भूमिका खेल्ने उनले बताए । छलफलमा सहभागीले मध्यवर्ती क्षेत्रका कारण स्थानीयस्तरमा पेसा व्यवसाय गर्न समस्या भएको, आफ्नै निजी जमिनमा लगाएको सुकेको रुख काट्न समस्या परेको, सडकसहित विकास निर्माणका काममा अवरोध सिर्जना भएको जनाउँदै समितिको ध्यानाकर्षण गराएका थिए ।

वकिलको शक्ति कानुनभित्रका असत्यताहरु पनि प्रकट गर्न सक्ने हुन्छ ।
–जेरेमी बेन्थम

## सम्पादकीय

# बेरुजुले गिज्याइरहेको स्थानीय तह

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ जारी भएको आठ वर्ष पूरा भइसकेको छ । सोही संविधान बम्मोजिम केन्द्र, प्रदेश र स्थानीय सरकार निर्माण भएका छन् । यी तीनै तहका सरकार यतिबेला दोस्रो कार्यकाल पूरा गर्ने चरणमा छन् । तर, ठिक यति नै बेला संविधानको भावनाअनुसार तीन तहका सरकार काम गर्न असफल भइरहेको निष्कर्ष सुनाउनेहरुको पनि कमि छैन । विशेषगरी स्थानीय तहहरुमा देखिएको बेरुजुको चाङलाई लिएर कतिपयले स्थानीय निकायहरु काम गर्न असफल भएको टिकाटिप्पणी गर्दै आएका छन् । सबैभन्दा बढी भ्रष्टाचार र अनियमितता आरोप खेप्दै आएका स्थानीय तहको बेरुजु पनि महामारीका रुपमा फैलिरहेको छ । महालेखा परीक्षकको प्रतिवेदनलाई आधार मान्ने हो भने हरेक वर्ष स्थानीय तहको बेरुजु बढ्दो क्रममा छ । महालेखा परीक्षकको प्रतिवेदनअनुसार आजभन्दा ६ वर्ष अघि २०७४ सालमा १४ अर्ब रुपैयाँ बेरुजु रहेकोमा हरेक वर्ष त्यो क्रम उकालो लाग्दै गएको छ । २०७५ सालमा पाँच खर्ब ७१ अर्बको लेखा परीक्षण गरेको स्थानीय तहले १४ अर्ब २१ करोड रुपैयाँ बेरुजु देखाएको थियो । त्यसपछिको वर्ष पनि बेरुजु बढेर ३८ अर्ब पुगेको महालेखा परीक्षकको प्रतिवेदनले देखाएको छ । स्थानीय तहले बजेट अनुशासनको पालना नगर्दा हरेक वर्ष बेरुजुको उकालो लाग्ने क्रम रोकिएको छैन ।

अहिले स्थानीय तहमा वित्तीय अनुशासन एक प्रमुख समस्याका रुपमा देखिएको छ । स्थानीय तहमा वित्तीय अनुशासन कायम हुन नसक्दा बेरुजु बढ्नुका साथै अन्य आर्थिक अनियमितताका घटनाहरुमा सार्वजनिक हुने गरेका छन् । तर, यस्ता विषयहरुमा सरोकारवाला निकाय बेखबर बनिरहेका छन् । सरोकारवाला निकायको मौनताकै दुषपरिणाम स्थानीय तहमा भ्रष्टाचार र अनियमितता डरलाग्दो तरिकाले मौलाउँदै गएको छ । बेरुजुले स्थानीय तहलाई गिज्याइरहेको छ । यस्ता घटनाहरु बढिरहनुलाई कतिपयले संघीयता कार्यान्वयन देशका लागि नयाँ अनुभव, स्थानीय तहमा दक्ष जनशक्ति र आवश्यक कानुनको अभावलाई दोष दिने गरेका छन् । यस्ता विषयहरुको केही भूमिका रहने भए पनि स्वयम जनप्रतिनिधिहरुको इच्छाशक्ति हुने हो भने स्थानीय तहमा मौलाएका थुप्रै बेथितिलाई कम गर्न सघाउ पुर्याउन सक्छ ।

स्थानीय तहमा वित्तीय अनुशासन कायम गर्न सरकार र सबै राजनीतिक दलहरुले ठोस कदम चाल्न ढिलाई गरे त्यसले निम्त्याउने जोखिम झन भयावह हुन सक्छ । त्यसैले आवश्यक कतिपय कानुनी व्यवस्था बनाउन सरकार जिम्मेवार बन्नुपर्छ । साथै स्थानीय तहको नेतृत्व गरिरहेका जनप्रतिनिधिहरु पनि जिम्मेवार र जवाफदेही बन्न जरुरी छ । नागरिकको घर आगँनको सरकार मानिएको स्थानीय तहले जनभावनालाई सम्बोधन हुने गरी काम गर्न सके संघीयताको औचित्यमाथि नै उठीरहेका प्रश्नलाई मथ्थर पार्न सक्छ । अहिले पनि कतिपय स्थानीय तहका जनप्रतिनिधिबीच नै तिक्ततापूर्ण अवस्था छ । त्यस्ता स्थानीय तहरुमा गाउँसभा सञ्चालन हुन सकिरहेका छैनन । विकास निर्माणका कामहरुले गति लिन सकेको छैन । विकास निर्माणको क्षेत्रमा मात्र नभइ स्थानीय तहले दिनुपर्ने अन्य सेवा प्रवाहमा पनि लापरवाही र ढिलासुस्ती उस्तै छ । सबैभन्दा पहिले जनप्रतिनिधि र कर्मचारीतन्त्र स्वयम जिम्मेवार र जवाफदेही नभएसम्म नागरिकले भोग्नुपर्ने सास्तीको श्रृङ्खला पनि कहिले रोकिएला भन्न सकिन्न ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## नेपाल रेल्वे समय तालिका

भंगाहा–जनकपुरधाम–जयनगर

| सिफ्ट | भंगाहाबाट खुल्ने समय | जनकपुरधामबाट खुल्ने समय | जयनगर पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०७:३० | ०८:३५ | १०:०० |
| दोस्रो | | ११:३० | १२:५५ |
| तेस्रो | | १६:३० | १७:५५ |

जयनगर–जनकपुरधाम–भंगाहा

| सिफ्ट | जयनगरबाट खुल्ने समय | जनकपुरधाम पुग्ने समय | भंगाहा पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०८:३० | ०९:५५ | |
| दोस्रो | १५:०० | १६:२५ | |
| तेस्रो | १८:०० | १९:१२ | २०:३० |

# अपाङ्गताबारे ऐनकानुन कार्यान्वयनमा समस्या



सुशील दर्नाल

अपाङ्गता भएका व्यक्तिहरुको ३२औँ अन्तर्राष्ट्रिय दिवस यही मङ्सिर १७ गते ३ डिसेम्बर तारिखका दिन विश्वभर विविध कार्यक्रम आयोजना गरी मनाइँदैछ । तर अपाङ्गतासम्बन्धी नीति तथा कानुनको कार्यान्वयनमा समस्या र चुनौती देखिएका छन् ।

राज्यले अझै पनि अपाङ्गता भएका व्यक्तिको विस्तृत तथ्याङ्क राख्न सकेको छैन । सरकारले उपलब्ध गराएका सेवासुविधाबाट अझै पनि दुर्गम र गरिबीको अवस्थामा रहेका पूर्ण अशक्त, अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरू वञ्चित रहेको अवस्था छ । राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालले गरेको एक अध्ययनमा प्रतिआठ जनामध्ये एक जनाले मात्र सहायक सामग्री प्राप्त गरेको अवस्था छ । अझ विस्तृतमा हेर्ने हो भने अपाङ्गता भएका व्यक्तिका लागि आवश्यकताका आधारमा मापदण्ड अनुरुपको सहायक सामग्री वितरणका लागि 'सहायक प्रविधि सामाग्री सेवासम्बन्धी राष्ट्रिय मापदण्ड २०७८' जारी गरिएको भए पनि सरकारी संयन्त्रहरुमा नै यसको प्रयोग गरिएको पाइँदैन ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका अध्यक्ष देवीदत्त आचार्यले भौतिक संरचना र सञ्चार सेवाहरू अपाङ्गता मैत्री नभएका कारणले धेरै अपाङ्ता भएका व्यक्तिहरूको दैनिक जीवन कष्टकर छ र उनीहरूले अन्यसरह सेवासुविधा र अवसरहरू उपयोग गर्न नपाएको बताए । उनले पूर्ण अशक्त, बौद्धिक, अटिजम, हेमोफिलिया, डाउन सिन्ड्रोम, श्रवण दृष्टिविहीन, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि राज्यले शिक्षा र स्वास्थ्यसम्बन्धी सेवाहरू उपलब्ध गराउन नसकेको गुनासो गरे ।

रोजगारी प्रवद्र्धन र रोजगारीका अवसरहरूमा अपाङ्गता भएका व्यक्तिको पहुँच बढाउन विशेष पहलहरू गर्नु जरूरी छ । अपाङ्गता भएका बालबालिकाहरू अझै पनि विद्यालय बाहिर रहेका छन् भने विद्यालयमा पढ्दै गरेका बालबालिकाहरूले पनि अझै अन्य व्यक्तिसरह समान रूपमा शैक्षिक गतिविधिमा सहभागी हुन पाएका छैनन् । अध्यक्ष आचार्यले भने, 'सामाजिक विभेद्, भौतिक अवरोधहरू र आवश्यकतामा आधारित शिक्षा नपाउँदा अपाङ्गता भएका बालबालिकाहरूले विद्यालय छोड्ने दर पनि उच्च रहेको शिक्षा विभागले प्रकाशन गरेका प्रतिवेदनहरू र सन् २०१६ मा गरेको अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर सर्भेक्षणले समेत देखाएको छ ।'

अपाङ्गता आफैँमा एउटा बहुआयामिक समावेशी विकासको सवाल भएकाले यसलाई सम्बोधन गर्न सबै सरोकारवालाको प्रयास जरूरी छ । अपाङ्गता भएका व्यक्तिका सवालहरू, नीति तथा कानुनहरू, अपाङ्गताको प्राविधिक पक्ष, यसको सामाजिक अवधारणा आदिको बारेमा प्रदेश स्तरका र स्थानीय स्तरका जनप्रतिनिधिहरू नै राम्रोसँग जानकार नहुँदा उनीहरूका लागि बनेका ऐन, कानुन, नीति, नियमहरुको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

महिला अपाङ्गता सङ्घ नेपालका अध्यक्ष टीका दाहालले नेपाल सरकाले अपाङ्गता भएका व्यक्तिहरुको अधिकारका लागि बनेका ऐन, कानुन, नीति, नियमहरुलाई कार्यान्वयन गर्न सङ्घीयस्तरमा प्रधानमन्त्री कार्यालयमा 'अपाङ्गता अधिकार प्रबद्र्धन समिति' गठन गरी सोको संरचना सङ्घ, प्रदेश र स्थानीय तहसम्म पुर्याउनु पर्ने माग गर्नुभयो ।

अपाङ्गता भएका व्यक्तिहरुले नेपालका सबै समावेशी विकासका गतिविधिहरूमा अपाङ्गता भएका व्यक्तिका आवश्यकता र सवालहरूलाई समावेश गरिनुपर्ने, हालसम्म नेपालमा भौतिक विकास, मानवअधिकार, सुशासन, आर्थिक सशक्तीकरण, शिक्षा, स्वास्थ्यको क्षेत्रमा काम गरिरहेका अन्तर्राष्ट्रिय विकास सझेदारले आफ्ना नीति, कार्यक्रम र बजेटमा अपाङ्गता को सवालहरूलाई मानवअधिकार र विकासको दृष्टिकोणबाट समेट्न सकेको छैन । अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा मानवअधिकारका दस्तावेजलाई अन्तर्राष्ट्रिय प्रतिवद्धताअनुसार पूर्णरुपमा आत्मसात गरी आफ्ना नीति र कार्यक्रमहरूमा अपाङ्गता को सवाल समावेश गरिनुपर्ने माग उठ्दै आएको छ ।

हाल सञ्चालनमा रहेका अपाङ्गता पुनःस्थापना केन्द्रहरूले सबै प्रकृतिका अपाङ्गता का लागि सेवा प्रवाह गर्न नसकेको र कार्य क्षेत्र पनि सीमित भएकाले पुनःस्थापना सेवा सरकारको स्वास्थ्य प्रणालीअन्तर्गत एकीकृत गरेर देशभरि पु¥याउनुपर्ने अपाङ्ग महासङ्घ नेपालको भनाइ छ । यस क्षेत्रमा काम गर्ने सबै निकायहरू, एकपक्षीय, द्विपक्षीय र बहुपक्षीय विकास साझेदार र दाताहरु, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि २००६ को धारा २५ (स्वास्थ्य) र २६ (वासस्थान र पुनःस्थापना) का प्रावधानहरूलाई मुख्य प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइएको छ ।

विश्व स्वास्थ्य सङ्गठन र विश्व बैंकले सन २०११ मा प्रकाशित पछिल्लो अपाङ्गता सम्बन्धी विश्व प्रतिवेदनअनुसार संसारको कुल जनसंख्याको १५ प्रतिशत मानिस कुनै न कुनै रूपमा अपाङ्गताको अवस्थामा बाँचिरहेका छन् र यो हरेक वर्ष बढ्ने क्रममा रहेको छ । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका अनुसार अपाङ्गता भएका व्यक्तिहरूको कुल जनसंख्याको ८० प्रतिशत विकासोन्मुख देशमा छन् ।

विश्व बैंकका अनुसार विश्वका अति गरिब मानिसमा २० प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू पर्दछन् । अपाङ्गता भएका महिलाहरू लैङ्गिक र अपाङ्गता को आधारमा गरिने दोहोरो विभेद्को मारमा परेका छन् । युनिसेफका अनुसार सडक युवाहरूमा ३० प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू छन् भने अपाङ्गता भएका बालबालिकाको मृत्युदर अन्य बालबालिकाको तुलनामा निकै उच्च रहेको छ । युनेस्कोले उजागर गरेको तथ्यअनुसार विकासोन्मुख देशमा ९० प्रतिशत अपाङ्गता भएका बालबालिका विद्यालय जानबाट वञ्चित छन् ।

विश्व बैंक र विश्व स्वास्थ सङ्गठनको दाबीलाई मान्ने हो भने नेपालमा अपाङ्गता भएका व्यक्तिको संख्या ३० लाखको हाराहारीमा हुनुपर्छ । राष्ट्रिय जनगणना २०७८ मा कुल जनसंख्याको २.२ प्रतिशत मानिसमा मात्र अपाङ्गता रहेको देखिन्छ । अपाङ्गता कुनै असक्षमता, व्यक्तिको कमजोरी वा कुनै भौतिक शरीर वा मानसिक अवस्थासँग जोडिएको विषय मात्र होइन । यो एउटा समग्र अवस्था हो ।

एक अध्ययनका अनुसार ७० वर्षभन्दा माथिका हरेक व्यक्तिले औसतमा झण्डै आफ्नो जीवनको ११ प्रतिशत आयु कुनै न कुनै रूपमा मानसिक वा शारीरिक कार्य सीमिततामा बाँच्नुपर्छ, जुन अपाङ्गता को अवस्था हो ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६ ले पनि अपाङ्गता लाई व्यक्तिगत वा शारीरिक अवस्था नभनेर विभिन्न प्रकारका भौतिक पूर्वाधारजन्य अवस्था, दृष्टिकोणजन्य अवस्था, सञ्चारसम्बन्धी र सामाजिक अवरोधहरूको परिणाम हो भनेको छ ।

नेपाल सरकारले नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६ अनुकूल हुने गरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन २०७४ (प्रथम संशोधन २०७५) मा जारी गरिएको छ भने अपाङ्गता मैत्री सञ्चार निर्देशिका २०७३ जारी गरेको छ । त्यसैगरी नेपाल सरकारको मन्त्रिपरिषद्बाट २०६९ फागुन ६ गते अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका स्वीकृत भई कार्यान्वयनको चरणमा छ । सरकारले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी नियमावली २०७७ भदौ १ गते जारी गरेको छ । अपाङ्गता अधिकारकर्मी सुगम भट्टराईले राज्यले अपाङ्गताबारे ऐन कानून बनाए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको टिप्पणी गरे ।

### अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवस

अपाङ्गता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय दिवस अपाङ्गता भएका व्यक्तिलाई उनीहरूको हक अधिकारको सुनिश्चितता गर्न, जनमानसमा चेतना फैलाउन, उनीहरूको पहिचान, आत्मसम्मान र स्वाभिमानलाई विश्वभर एकीकृतरुपमा प्रवद्र्धन गर्न सन् १९९२ देखि अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवस मनाउन थालिएको हो । सुरुमा यस दिवसलाई अन्तर्राष्ट्रिय अपाङ्गता दिवस भनिन्थ्यो तर २००६ डिसेम्बर १३ मा संयुक्त राष्ट्र सङ्घको ६१औँ महासभाले अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि पारित गरी २००८ देखि अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवस भनी नामकरण गरेर विश्वभर एकैसाथ ३ डिसेम्बरका दिन मनाउन थालिएको हो । अपाङ्गता भएका व्यक्तिहरूको स्वयंको संलग्नतालाई अधिकार प्राप्तिको अभियानमा नसमेटेसम्म अपाङ्गता भएका व्यक्तिहरुको जीवनस्तरमा सुधार र समामाजिक समावेशीकरण हुन नसक्ने ठम्याइका साथ स्वयं अपाङ्गता भएका व्यक्तिहरुको सकृयतामा सन् १९७६ मा संयुक्त राष्ट्र सङ्घले सन् १९८१ लाई 'पूर्ण सहभागिता र समता' भन्ने मूल नाराका साथ अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय वर्षको रूपमा मनाउने घोषणा गर्‍यो । सोही वर्ष अन्तर्राष्ट्रिय अपाङ्ग परिषद्को गठन भएको थियो । यसपछि सन् १९८२ को डिसेम्बर ३ मा संयुक्त राष्ट्र सङ्घले अपाङ्गता भएका व्यक्तिहरूको समुदायमा नै पुनःस्थापना, शिक्षा, स्वस्थ्य र रोजगारीको अवसर सुनिश्चितता र देशहरुले अपाङ्गतासम्बन्धी नीति अबलम्बन गर्नु पर्ने कुरामा जोड दिँदै अपाङ्गतासम्बन्धी १० वर्षे विश्व कार्ययोजना पारित गरी लागू ग¥यो । यसलाई विश्वभर प्रभावकारीरूपमा कार्यान्वयन गराउन सन् १९८३ देखि १९९२ सम्मको अवधिलाई अन्तर्राष्ट्रिय अपाङ्गता दशकको रूपमा घोषणा गरियो ।

सन् १९८७ मा विश्व कार्ययोजनाको कार्यान्वयन र उपलब्धिहरूको समीक्षा गर्दा न्यून उपलब्धि भएको पाइएकाले यो कार्ययोजना पारित गरेको दशौँ वर्षको अवसर पारेर सन् १९९२ देखि डिसेम्बर ३ लाई अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवसको रूपमा घोषणा गरी विश्वभर मनाउन थालिएको हो । सन् १९९३ मा राष्ट्रिय अपाङ्ग महासङ्घको स्थापना भएदेखि नेपालमा यो दिवस मनाउन थालिएको हो । यस वर्ष 'दिगो विकास लक्ष्य प्राप्तिको प्रतिबद्धता, अपाङ्गता भएका व्यक्तिको अपनत्व र नेतृत्वसहितको ऐक्यबद्धता' भन्ने नारा तय गरिएको छ ।

# टोनी हेगन स्मृति पार्कमा नेपालको नेतृत्व

**मधेशदृष्टि**
**हेटौँडा ।**
डा.टोनी हेगन स्मृति पार्क विकास मञ्च हेटौँडाको तेश्रो परिषद बैठक तथा दोश्रो साधारण सभा भएको छ । मञ्चका संरक्षक तथा निवर्तमान नगरप्रमुख हरिबहादुर महतको प्रमुख आतिथ्यतामा भएको सभामा राष्ट्रिय उद्यान महासंघ नेपालका उपाध्यक्ष रघुनाथ खुलाल र हेटौँडा–१० का वडा अध्यक्ष फुर्वा दोर्जे लामा सहभागी थिए ।

मञ्चका अध्यक्ष ईन्द्र प्रसाद नेपालको अध्यक्षतामा भएको साधारण सभामा हेटौँडा उपमहानगरपालिकाका विज्ञ सल्लाहकार डा.कृष्णप्रसाद धिताल, पत्रकार प्रताप विष्ट, नेपाल तामाङ्ग घेदुङ्ग संघका अध्यक्ष कालु घलान, नेत्रज्योति टोल विकास सस्थाका सचिव मोहन बहादुर खडकाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

सभामा हेटौँडा नगरका परिकल्पनाकार भूगर्भविद डा.




टोनी हेगनबारे वक्ताहरुले बोलेका थिए । साधारण सभा सञ्चालन मञ्चका सचिव रामप्रसाद शर्माले गरेका थिए ।

कार्यक्रममा उपा्रध्यक्ष कृष्ण प्रसाद दाहालले पेश गरेको विधान संशोधन प्रस्तावलगायत मञ्चको कार्यक्रम प्रगति तथा आर्थिक प्रतिवेदन पास भएको छ । सभाले ईन्द्र नेपालकै अध्यक्षतामा समिति चयन गरेको छ ।

समितिमा उपाध्यक्ष कृष्ण प्रसाद दाहाल, सचिव राम प्रसाद शर्मा, कोषाध्यक्ष ज्ञानेन्द्र बहादुर कार्की र सहसचिवमा सुरेश लामा ब्लोन चयन भएका छन् ।

यस्तै, सदस्यहरुमा पूmलमाया गुरुङ, मदन कुमार लामा, शर्मिला श्रेष्ठ, रिता कुमारी लामा, हिरा लामा, सोम बहादुर लामा चयन भएका छन् ।

यस्तै, लेखा समितिमा संयोजक गणेशमान श्रेष्ठ र सदस्यहरुमा शंकर कुँवर र संजय कुमार न्यौपाने चयन भएका छन् ।

यस्तै, अनुगमन समितिमा भीम प्रसाद बास्तोला संयोजक र सदस्यहरु श्रीकृष्ण दवाडी र राजकुमार विश्वकर्मा चयन भएका छन् ।

# हेटौँडा परिकल्पनाकार टोनी हेगनको सम्मानमा संस्था

स्विट्जरल्यान्डका नागरिक टोनी हेगन सुप्रसिद्ध भूगर्भविद् हुन् । उनले नेपालको मानार्थ नागरिकता पाएका थिए । उनको जन्म सन् १९१७ मा र निधन २००३ मा भएको थियो । नेपाल स्विस परियोजनासँग सम्बन्धित रहेका उनले नेपालको सुक्ष्म अध्ययन गरेका थिए । सन् १९५० मा उनी विकास विज्ञका रुपमा नेपाल आएका थिए । तत्पश्चात् उनी संयुक्त राष्ट्रसंघ विकास नियोगको प्रतिनिधिका रुपमा नेपाल आए । नेपालको बसाइमा सुरुको ९ वर्षमा उनले करिब १४ हजार किलोमिटर पैदल यात्रा तय गरे । नेपालको सेवामा लामो समय बिताएका उनले करिब नेपालसँगको ५० वर्ष लामो आफ्नो अनुभव पुस्तक 'नेपाल किङडम इन दि हिमालयज–१९६०' मा समेटेका छन् । नेपाल भ्रमण गर्ने उनी पहिलो विदेशी नागरिक हुन् । उनका २ छोरी र १ छोरा थिए । हाल उनको नाममा टोनी हेगन फाउन्डेसन क्रियाशील छ । उनको अर्को पुस्तक बुल्डिङ ब्रिज्स टु दि थर्ड वर्ल्डः मेमोरिज अफ नेपाल–१९५०–१९९२' सन् १९९४ मा प्रकाशित भएको छ । उनलाई नेपाल सरकारले नास्टमा प्राज्ञमा नियुक्त गरेको थियो । त्यसैगरी उनी वीरेन्द्र प्रज्ञा अलङ्कारबाट विभूषित भएका थिए । नेपालको संस्कृति, सम्पदा र सभ्यतासम्बन्धी अनेकौं दुर्लभ तस्बिरसमेत उनीसँग सुरक्षित थियो र त्यसलाई नेपालका अध्ययनकर्ताले उपयोग गरेका छन् ।

हेगन र हेटौँडाको सम्बन्ध
नेपालको अध्ययन गर्ने क्रममा उनी विसं २०१४ तिर हेटौँडा आइपुग्छन् अनि चुरियाको सुरुङ भएको स्थानबाट हेटौँडातिर हेरी भन्छन्, 'सालहरुको रुख भएको स्थानमा मानव वस्ती बस्न सक्छ ।' आधुनिक हेटौँडाको रुपमा व्यवस्थित सहर बसाउने परिकल्पना गर्दछन् । त्यही परिकल्पनालाई हेटौँडा नगर पञ्चायतका पहिलो प्रधानपञ्च बासुदेव रिजालले कार्यान्वयनमा ल्याउने जमर्को गरेको पाइन्छ । हेटौँडाको वस्ती विस्तार र सहरीकरणको अवधारणाका सूत्राधार टोनी हेगनलाई हेटौँडाबासीले सम्झना गर्नु उनीप्रतिको हार्दिक श्रद्धा हो भन्ने मान्यतास्वरुप उनका नाममा स्मृति पार्क परिकल्पना गरी पार्क र अर्ध कदको शालिक राखिएको छ । मञ्चले गुरुयोजनामा भएका निर्माणलगायत अन्य कार्य प्राथमिकता र स्रोत उपलब्धताका आधारमा विभिन्न निकायबाट स्रोत जुटाउँदै क्रमिकरुपमा कार्य गर्दै आएको छ ।

पार्कमा एरोबिक सेड निर्माण भएको छ । यसमा ८ लाख ४९ हजार रुपैयाँ खर्च भएको छ । डा. टोनी हेगनको शालिक राख्न स्तम्भ, क्यारी पाथ निर्माण गर्न ९ लाख ६० हजार रुपैयाँ खर्च भएको छ । यस्तै, पर्खाल निर्माण भएको छ । अन्य पूर्वाधारहरु प्रदेश सरकार र हेटौँडा उपमहानगरको सहयोगमा निर्माण जारी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
मान तथा पद पाइएला, धार्मिक तथा सामाजिक कार्यहरु सम्पन्न होलान ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धनधान्यको वृद्धि होला, मित्र तथा शुभचिन्तकको सहयोगले काम कार्यमा सफलता होला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
छोराछोरीको प्रगतिबाट प्रसंशा मिल्ला, मान्यजनको सहयोग सद्भाव पाउनाले आत्मबल निकै बढ्नेछ,।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
स्वास्थ्यमा सुधार आउनेछ, बैबाहिक तथा भोजमा सहभागी भइएला ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कृषि कार्य तथा ब्यबसायबाट निकै लाभ होला, समग्रमा आजको दिन राम्रै मान्नपर्छ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
काम कार्यमा ढिलाई होला, मानसिक अशान्ति तथा फजुल खर्च होला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
इस्टमित्रबाट धोका पाइनेछ, अध्ययन अध्यापनमा पनि बाधा आइपर्ला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
माता तथा मावलितर्फबाट बिशेष सहयोग पाइनेछ, काम कार्यमा सफलता तथा सुख प्राप्त हुनेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
राज्यसम्बन्धी काममा भने केहि प्रतिकुल हुनसक्छ । सामाजिक तथा परोपकार सम्बन्धी कार्यहरु गरिएला।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन अध्ययन अध्यापन तथा धार्मिक कार्यहरु सफल होलान ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
शत्रुहरु गुप्तरुपले सक्रिय रहलान, बिनाकारण अपजस पाइएला । व्यापार ब्यबसायमा नोक्सान होला।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आजको दिन पत्नी आज्ञाकारी हुनेछिन, दैनिक जीवनका कार्यहरु सुधार हुदै जालान ।

# वाडाङ्मी र पापनीको रौनक

**रासस**
**धनकुटा ।**
धनकुटामा गत एक हप्तादेखि ढोल नाच (पापनी) र मारुनी नाचेर मनाइने वाडाङ्मी पर्वको रौनक छाएको छ । विशेष गरेर जिल्लाका चार स्थानीय तहमा रहेका राई समुदायले चार दिनदेखि १५ दिनसम्मका लागि यो पर्व मनाइरहेका छन् । अहिले धनकुटा नगरपालिका र सहिदभूमि गाउँपालिकाको सबै ठाउँमा ढोलनाच, मारुनी नाच तथा भोज खाएर चाड मनाउने क्रम जारी छ । पाख्रिबास नगरपालिकाको फाङ्दुवा क्षेत्रमा गत बिहीबार यस वर्षको वाडाङ्मी चाड सकिएको छ भने साँगुरीगढी गाउँपालिकाको
आहाले–महाभारत क्षेत्रमा पनि पापनी तथा वाडाङ्मी शनिबार सकिएको छ । आफ्ना इष्टदेव बराह, मार्गा, जिमी मार्गा, सुब्बा मार्गा, फुडाहाङ (बुढाहाङ)को दैविक आह्वान गर्ने तथा पितृ पूजा (श्राद्ध) गरेर यो पर्व मनाउने गरिन्छ । समुदायअनुसार कुखुरा, सुँगुर, परेवा, राँगा आदिको बलि पूजा गरेर जाँड, रक्सीसँग खाने र जमरा तथा सयपत्री फूलको माला लगाएर यो पर्व मनाइन्छ । ढोल र मादलको आवाजले गुञ्जयमान जिल्लामा आउने आगन्तुक तथा पाहुना पर्यटकले अहिले ढोलनाच, मारुनी मादलको रमितासँगै स्थानीय परिकार र पेय पदार्थको आनन्द लिन सक्रेछन् ।

**आठपहरियालाई वाडाङ्गेट(वाडाङ्मी) मनाउने चटारो**
धनकुटा नगरपालिकाको १० वडाभित्र करिब पाँच हजार जनसङ्ख्या रहेको यो समुदायलाई अहिले तोकिएको समयसीमाभित्र वाडाङ्मी चाड सक्नैपर्ने चटारो छ । वर्षभरि देहान्त भएका आफन्तको बरखी बारेका तीर्थालु दुःख बहाउनका लागि बराह धामको सामूहिक तीर्थयात्रासँगै सुरु भएको चाड औँशी आउनुभन्दा एक दिनअघि सक्न आठपहरिया समुदाय चाडमा व्यस्त छन् । विसं २०३० सम्म छ किपट (बिर्ता)सहित नौ पगरीको राजसी अधिकार पाएका यी समुदायको संस्कृति जीवन्त छ । विसं २०५८ बाट आफूहरू राई नभएको जनाउँदै आठपहरिया जातिको नामबाट पहिचान खोजिरहेका यो समुदाय अझै पनि आफ्नो परापूर्वकालीन सांस्कृतिक तथा धार्मिक कानुनमा सञ्चालित छ । तथापि यो समुदायले आफ्नो सबैभन्दा ठूलो पर्व वाडाङ्मीमा खुलेर आफूसँग भएको ऋण, धन खर्च गरेर चाड मनाउने गरेका छन् । कार्तिक शुक्ल पूर्णिमाको चार दिनअघिबाट बराह क्षेत्रको सामूहिक तीर्थयात्रासँगै यी समुदाय चाड मनाउन व्यस्त रहेको किरात आठपहरिया समाजका केन्द्रीय सदस्य कोमल आठपहरिया (राई)ले जानकारी दिए । पन्ध्र दिनभन्दा बढी मनाइने यो पर्वमा आफ्ना सबै काम छाडेर यो समुदाय एक वर्षभित्रमा आफ्नो परिवारमा जन्मदेखि मृत्युसम्ममा घटेका सबै खालका सांस्कारिक घटनाबाट चोखिन व्यस्त छन् । विशेषगरेर वर्षभरि मृत्यु भएकाका बरखी बारेका आफन्त यही पर्वमा ५२ किमी दक्षिणमा रहेको आफ्ना मुख्य इष्टदेव बराह धाममा तीर्थ



गएर उनलाई चाडमा आउने निम्तो दिने र कपाल खौरेर सप्तकोशीसँगै रहेको कोकाहा खोलामा दुःख बहाउने गर्दछन् । नियमानुसार चार दिनको पैदल र बास बसेर बराह मन्दिरबाट ल्याएको पानीले घर चोख्याउने तथा नगरमा रहेको ५२ चुले घरबाट दैवी आह्वान (माङ उठाउने) कामपछि यो समुदायमा चाड सुरु हुने गर्दछ । त्यसपछि नगर क्षेत्रमा रहेका यी समुदायको २२ देवालय (मार्गा)मा कुखुराको चल्ला, सुँगुरको पाठा पूजा गर्ने, पितृ पूजा गर्ने, मार (भेजो) हान्ने, भोजभतेर गरेर यो पर्व मनाउने प्रचलन छ । यस अवधिमा मृत्यु भएकाहरूको घर चोख्याएर नयाँ कपडा लाउने, नयाँ घर चोख्याउने, नयाँ सन्तान (छोरा) जन्मिएको भए हर्षबढाइँ गर्ने, घर–घरमा घुमेर तिहारमा देउसी खेलेझैँ ढोल नाच्ने गरिन्छ । साथै आफ्नो पायक पर्ने तोकिएको मुख्य पुजारीहरूको घरमा प्रत्येक घरको आगामी वर्षको जोखाना (बत्ती हेर्ने), अनिवार्यरूपमा राँगाको मासु, मदिरा खाएर ढोल र मारुनी नाचेर भव्यरूपमा चाड मनाइन्छ । अन्त्यमा औँशीभन्दा एक दिनअघि यी समुदायका करिब एक दर्जन ढोलनाच टोलीले आ–आफ्नो क्षेत्रमा राँगा काटेर भोज (खोइ) खाएर चाडको अन्तिम भोज खाने गर्दछन् । त्यसको भोलिपल्ट मारुनी टोलीले पनि आफ्नो क्षेत्रका तोकिएको जङ्गली क्षेत्रमा सरस्वतीको पूजा, मारुनी नाच र वनभोज गरेर बराहदेवलाई बिदाइ गरेपछि यो चाडको अन्य हुने केन्द्रीय सदस्य आठपहरियाले जानकारी दिए ।

**खाल्सा क्षेत्र पनि पापनी (वाडाङ्मी) व्यस्त**
सहिदभूमि गाउँपालिकाको सम्पूर्ण खाल्सा क्षेत्र साविक आँखिसल्ला, खोकु र छिन्ताङ गाविसका राई समुदाय पनि वाडाङ्मी चाड मनाउन व्यस्त छन् ।

यस क्षेत्रको वाडाङ्मीमा नाचिने ढोल अर्थात् पापनी नाच जिल्लामा नै प्रख्यात छ । यसका कारण खाल्सा क्षेत्रमा मनाइने वाडाङ्मी चाडलाई नै पापनी भन्ने चलन छ । सहिदभूमि –६ आँखिसल्लाका पापनी पर्व सम्बन्धी जानकार नरेन्द्र राई (कश्चित)का अनुसार सो क्षेत्रमा कार्तिक शुक्ल पूर्णिमाको पहिलो मङ्गलबारबाट पापनी सुरु भएको छ । यो समुदायले पर्व घर–घरमा पितृ पूजा गरेर आफ्नो इष्टदेव फुडाहाङ (बुढाहाङ)को पूजाआराधनासँगै पापनी पर्व सुरु हुने उहाँले जानकारी दिए । बुडाहाङको प्रतिनिधि मानिने डाङ्सुबा र उनकी श्रीमती मानिने छाम्बाक (मुन्धुमविद्)हरूको घरमा माङ्ला हेर्ने (दैविक आह्वान) काम गरिन्छ । त्यपछि सो क्षेत्रमा भएका मुख्य पाँच पुजारीका गढीघरमा आफ्नो अनुकूलतामा पापनी गीत गाएर ढोल नाच्ने, मुन्धुम गाउने प्रचलन छ । यस अवधिमा यस क्षेत्रमा बालीनाली थन्क्याउन वा छुन नहुने, पापनी चाड अवधिभरि कुनै पनि महिला वा पुरुष गाउँ छाडेर बाहिर गएमा दण्डित गरिने धार्मिक कानुन पालना गर्नुपर्ने नियम रहिआएको छ । चाडको अन्तिम दिन छरिएर रहेका सबै पाँचवटा गढीघरअन्तर्गतका ढोलनाच टोली मुख्य पुजारीको गढीघरमा भेला भई उल्टो पापनी नाचेर फुडाहाडलाई बिदा गर्ने चलन छ । त्यसपछि एक वर्षको लागि ढोल झ्याम्टा नचलाउने र सोही दिन सरस्वती थानमा मारुनी मादल नाचेर मादल बजाउन फुकुवा गरेर आफ्नो भाकल बुझाएपछि पापनी पर्वको अन्त्य हुने राईले जानकारी दिए ।

**फाङ्दुवामा सकियो वाडाङ्मी**
पाख्रिबास नगरपालिकाको वडा नं ३ फाङ्दुवा, कसेनी र वडा नं १० चुनवाङका आठपहरियाले पनि एक हप्ता वाडाङ्मी चाड मनाएर बिहीबार समापन गरेका छन् । धनकुटा नगरपालिकामा राईबाट आठपहरिया जातिमा सूचीकृत हुन स्थापित आठपहरिया समाजले विसं २०६० तिर समटेको यो क्षेत्रमा भने परिमार्जन गरेर वाडाङ्मी मनाउने गरिएको छ । एकमात्र थातथलो रहेको यो क्षेत्रमा १५ दिन मनाइने वाडाङ्मी परिमार्जन गरेर भाइटीकाको दिनबाट एक हप्तासम्म मनाइँदै आएको वडा नं ३ का वडाध्यक्ष सरोज राईले जानकारी दिनुभयो । राईबाट पछिल्लो समयमा नयाँ नाम आठपहरिया पाएका यहाँका समुदायले यहाँको एकमात्र सुब्बा मार्गा, गढीघर र घर–घरमा पितृ पूजा गरेर चाड मनाउने गरेका छन् । यहाँका समुदायले सप्तकोशी किनारमा रहेको बराहक्षेत्र तीर्थ जाने चलनको अन्य गरेर धनकुटा र भोजपुरको सङ्गममा रहेको अरुण नदीको सुनबालुवा भन्ने स्थानमा गएर कपाल खौरेर दुःख बगाउने र त्यहाँबाट पानी ल्याएर घर चोख्याउने गरेका छन् । उनीहरूले पनि वर्षभरि भएका सबै कर्मकाण्ड यही वाडाङ्मीमा सकेर नयाँ अध्यायको सुरु गर्ने गरेका छन् । तर उनीहरूले घर–घरमा डुलेर ढोल नाच्ने चलनलाई छाडेर एक दिन मुख्य पुजारीको गढीगाउँमा भेला भएर सबै घरको बत्ती हेर्ने (जोखाना हेर्ने), ढोल तथा मारुनी नाचेर चाड सक्ने गरेको वडाअध्यक्ष राईले जानकारी दिए ।

**आहाले–महाभारतमा चारदिने वाडाङ्मी**
साँगुरीगढी गाउँपालिका क्षेत्रको साविक महाभारत र आहाले गाविस हाल वडा नं ८ र ९ का राई समुदायले सबैभन्दा छोटो चाड मनाएर शनिबारबाट वाडाङ्मी सकिएको छ । वर्षभरि देहान्त भएका आफन्तले कार्तिक एकादशीमा बराह र त्रिवेणी नदीमा कपाल काटेर दुःख बहाएर आएपछि पूर्णिमाको पहिलो बुधबारबाट यस क्षेत्रमा चाड सुरु हुने गर्दछन् ।
बुधबारबाट किलघर (पुजारी घर)मा माड उठाउने काम (दैवी आह्वान)पछि चाडका लागि तोकिएको चारदिने समयसीमासँगै शनिबारदेखि चाड सकिएको साँगुरीगढी गाउँपालिका वडा नं ८ सिङ्कुलाका महेन्द्र राईले जानकारी दिए । यहाँका राई जातिले वाडाङ्मी पर्वका अवसरमा बुढाहाङलाई पोथी कुखुरा, घरघरमा चुलोमा भाले, आँगनमा परेवाको बलि दिएर पितृ पूजा गरेर चाड मनाउँछन् । पितृ पूजापछि बेलुका रातभरि घर–घरमा पापनी (ढोल) नाच्ने, भोज खाने र अन्तिम दिन सरस्वतीको पूजा गरेर मारुनी नाचसँगै यस क्षेत्रको पापनी अर्थात् वाडाङ्मी सकिएको राईले जानकारी दिए । उनका अनुसार यस पर्वलाई यहाँका समुदायले वर्षभरि देहान्त भएकाका आफन्त दुःख कर्मबाट चोखिने र पितृलाई सम्झने पर्वका रूपमा मनाउने गर्दछन् ।

# ‘लभ बम्बिङ’ र लैङ्गिक हिंसाको पुनःपरिभाषा

**निमा काफ्ले**
**काठमाडौँ ।**
लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानका सन्दर्भमा हरेक दिन केही नयाँ सन्दर्भ र कोणबाट बहस भइरहेको छ । यतिबेला सिङ्गै विश्वले हिंसाविरुद्धको दिवस मनाइरहँदा नेपाली समाजमा हामी महिला हिंसाविरुद्धको दिवसका रुपमा पनि समाजलाई सचेत बनाएर यथार्थपरक ढङ्गले हिंसाविरुद्ध लड्न तयार पार्न सकिरहेका छैनौं ।
स्वाभाविकरुपमा हाम्रो समाजले पितृ सत्तात्मक प्रकृतिको विशेषता छोड्न नसकेको हरेक घटना सन्दर्भ र परिवेशहरुमा देख्न र भोग्न परिरहेको छ ।
महिलाविरुद्धको हिंसामा पनि पीडितको पक्षमा खुलेर बोल्न नसक्ने हाम्रो जस्तो सामाजिक परिवेशहरुमा हिंसा कसरी गुम्सिरहेको छ र कसरी विभिन्न स्वरुपमा विष्फोटन भइरहेको छ भन्ने थुप्रै दृष्टान्तहरुले लैङ्गिक हिंसाको परिभाषा र निराकरणलाई नै नयाँ ढङ्गले परिभाषित गर्नुपर्ने अनुभूत गराएको छ । केही समयअघि एकजना साथीले अन्तरङ्ग सम्बन्धमा भोगेको अनुभवहरु बाँड्दै बेग्लै पीडा र बेदना सुनाउनुभयो । प्रेम, विश्वास र सम्बन्धमा व्यक्त भावहरुलाई स्वभाविक रुपमा लिने कि हिंसाको रुपमा लिएर निर्णय गर्ने भन्ने द्विविधाले सिर्जना गरेको उनको अन्तरमनको द्वन्द्वले आफूमा समेत सिर्जना भएको मनोवैज्ञानिक दबाब पनि नयाँ ढङ्गले यो सन्दर्भलाई हेर्ने एउटा प्रेरणा बन्ने अनुभूति गरेको छ ।
हामीले हाम्रा निकटस्थहरुका भावना र गतिविधिहरुलाई कसरी हेर्ने ? हिंसाको परिभाषाभन्दा पहिले यसमा स्पष्ट हुन जरुरी छ । हामीले स्वीकार गरिरहेका भावना वा गतिविधिहरु कसरी स्वभाविकबाट हिंसामा परिणत हुन्छन् भन्ने कुरा हामीले लिएको शिक्षा, हामीमा विकास भइरहेका चेतना, हाम्रो सामाजिक परिवेश, हाम्रो साथीसङ्गत तथा प्रविधि र विकासको गतिले निर्धारण गर्छ । लैङ्गिक हिंसाको व्याख्या गर्नेहरु, विभिन्न विषयमा आफूलाई ज्ञाता वा जानकार ठान्नेहरु र विज्ञहरुकै जीवनमा देखिएका र भोगिएका सन्दर्भहरुलाई पनि हिंसाको कोणबाट हेर्दा केही प्रभावहरु देखिन्छन् । सामाजिक रुपमा त्यस्ता घटनालाई हेर्दा पितृ सत्तात्मक सोचबाट निर्देशित भएको भन्न सकिन्छ । सँगै काम गरिरहेका सहकर्मीमा पनि महिला साथी आफू सरह हुञ्जेल ठीकै हुने तर आफूभन्दा माथि जाने सम्भावना भए लगत्तै अनेक ईश्याभाव र आरोपहरु आउने देखिन्छन् । यो एक प्रकारको हिंसाको स्वरुप हो । अर्को खतरनाक हिंसाको अवस्था अन्तरङ्ग सम्बन्धमा देखिन्छ । यो विशेषगरी पद, प्रतिष्ठा, पहिचान र पुँजीसँग जोडिएर देखिने गरेको छ । प्रेममा पनि हिंसाको विभिन्न अवस्थाहरु देखिने गरेका पाइन्छन् । यी खालका हिंसाहरु पुरुष वा महिलाले एउटा निश्चित अवस्थासम्म स्वभाविक मानेर स्वीकार गर्ने, त्यसपछि एउटा हदसम्म हिंसाको रुपमा अनुभूत गरेर उकुसमुकुस अनुभव गर्ने र त्यो हद नाघेपछि सामाजिक रुपमै विष्फोट हुने गरेको देखिन्छ । यसलाई लभ बम्बिङको रुपमा पनि हेर्न सकिन्छ । यस्ता घटना र सन्दर्भहरु धेरै आँटिलो मानिएकाहरुले पनि व्यक्त गर्न वा उपचारको पहलतर्फ सोच्न पनि नसकेको यथार्थ देखिन्छ । लभ बम्बिङ परिस्थिति र परिवेशअनुसार हिंसात्मक हुँदै समाजिक र भौतिक रुपमै दुर्घटनाका रुपमा समेत पुग्ने गरेको पाइन्छ । दृश्यमा देख्दा अन्तिम परिणाम आइसकेपछि हिंसा देखिए पनि यो प्रकृतिको हिंसाको विजारोपण सुषुप्त रुपमा, नजानिँदो ढङ्गले हुने गर्छ । यसलाई हाम्रो व्याख्या विश्लेषण र परिभाषाको परिधिले भेटिरहेको छैन । यस्ता प्रकृतिका घटना र सन्दर्भहरु केहीलाई त पक्कै पनि यहाँहरुले अनुभव गर्नुभएकै होला । तर यसको आकार देखिएभन्दा



र स्वभाविकभन्दा बढी छ । प्रविधिको विकास, सामाजिक परिवेशहरु, सम्बन्धहरुमा अपेक्षा गरिने इमान्दारिता र प्राप्त हुने यथार्थता, त्यसप्रतिको बुझाइमा हुने असमानताले यसलाई बढाइरहेको छ । यो अवस्था गुनासो गर्न पनि नसकिने र त्यसको कतिपय उपाय र उपचार पनि नपाइने खालका अवस्था, आफैँलाई यो हिंसा हो कि स्वभाविक व्यवहार हो भन्ने अन्त्रतमनमा सिर्जना हुने अन्योलले गर्दा समाजमा लैङ्गिक हिंसाको आकार बढाइरहेको छ । पुरुष पनि यस्ता खालका हिंसामा परिरहेका हुन सक्छन् । महिलाहरु त पर्ने गरेका धेरै नै उदाहरणहरु देखिएका छन् । आफ्नो एउटा अवस्थामा त्यही भावना वा गतिविधि स्वभाविक लाग्ने र आफ्नो चेतना वा ज्ञान र विकासको अभिवृद्धिसँगै त्यही भावना वा व्यवहारलाई पनि हिंसाको परिभाषा हुने गरेको आरोप लाग्ने गरेको छ । यसलाई फेमिनिज्मले जन्माएको विकृतिको रुपमा लाञ्छनाहरु लाग्ने गरेका छन् । हामीलाई जेण्डर एक्टिभिज्म आवश्यक हो कि फेमिनिज्म ? हाम्रो न्यायले खोजेको समानता वा हिंसामुक्त परिवेशले एउटा पक्षलाई मात्रै हेर्छ कि समतलीय र सन्तुलित ढङ्गबाट हेर्छ भन्ने बहस पनि उठेको छ र उठ्नु पर्छ पनि । विज्ञान र प्रविधिको विकासले पुरुष वा महिलाको आवश्यकता र उपलब्धताको नै विकल्पको समेत परिकल्पना गरिसकेको आजको विश्वमा महिला वा पुरुषले आफ्नै कोणको बुझाइ र व्याख्याअनुसार हिंसाको व्याख्या गर्ने र त्यसको उपचारको वकालत गर्नु आफैंमा अधुरो र अपुरो हुन्छ । काठमाडौंमा व्याख्या गरिने हिंसाको प्रकृति कञ्चनपुर वा फिदिमको समाजले उस्तै ढङ्गले अनुभूति गरिरहेको नहुन सक्छ । आयातित परिभाषालाई लिएर वकालत गर्नुभन्दा अवस्था र परिवेशअनुसार हिंसाको अनुभूति र उपचारको चेतना निर्माण गर्नमा हाम्रा पहल हुनुपर्छ भन्ने मेरो निश्कर्ष हो । महिला अधिकार अभियन्ता क्लारा जेट्किन, क्रान्तिकारी कम्युनिष्ट योद्धा रोजा लक्जम्वर्ग, अधिकारकर्मी मिरावल दिदीबहिनीहरुले उठान गरेको महिला अधिकारको विषय र यसले वकालत गरेको नागरिक तथा राजनीतिक कोण एवं सामाजिक विश्लेषण आज पनि त्यही अवस्थामा मात्रै वकालत भइरहेको छ । सामयिकताका आधारमा गर्नुपर्ने बहसमा हामी प्रवेश नै गर्न सकेका छैनौँ । मिरावल दिदीबहिनीकै घटना र त्यही परिवेशमा मात्रै अल्झिरहेको महिला हिंसा विरुद्धको दिवसलाई आम रुपमा लैङ्गिक हिंसाविरुद्धको अभियानको रुपमा लैजान पर्ने आवश्यकता तर्फ समेत बहस गर्नुपर्ने आवश्यकता छ । अर्कोतर्फ वायोलोजिकल र साइकोसोसियल कोणबाट महिलाको अधिकारलाई व्याख्या गर्ने गरी १५० वर्ष अगाडि सिमन द वेवियरले लेखेको द सेकेण्ड सेक्स पुस्तकले चित्रित गरेको महिला चेतना र उनले स्थापित गरेको लैङ्गिक व्यवहारको उदाहरणलाई पनि आजको समाजले अक्सेप्ट गर्न त परै जाओस् अपडेट समेत गर्न सकेको छैन । हाम्रा अभियान्ताहरुले व्यानर राखेर प्रस्तुत गर्ने कार्यपत्रहरु र दिवस मनाउनाले न उपयुक्त अवधारणालाई अध्यावधिक गर्न सकेको छ न हाम्रो धरातलीय यथार्थता अनुसारको नयाँ बाटो नै निर्माण गरेको छ । सेन्ट्रिक अफ अट्¥याक्सनको होडबाजीले मात्रै नेतृत्व पङ्क्तिमा उभिएकाहरुबाट यस्ता अभियानहरुले गति पाउन सक्दैनन् ।
कृतिम वौद्धिकता (एआइ) मा रुपान्तरित हुँदै गरेको युवा पुस्तालाई यतिबेला अधिकारका कुरा बोलेर मात्रै मनाउन सकिँदैन । उनीहरुले चाहँदा हामीले पढाउने गरेको अभियन्ताको इतिहास र योगदानको चर्चा क्षणभरमै ‘गुगल सर्च’ गरेर हाम्रोभन्दा राम्रोसँग व्याख्या गर्न सक्छन् । हामीलाई यतिबेलाको आवश्यकता र भूधरातलीय यथार्थ अनुसारका समस्या पहिचान र समाधानको निर्माण हो ।
जुन उनीहरुले पनि सहजै प्राप्त गर्न सकिरहेका छैनन् र उनीहरु आफैँ पनि समस्या भिन्न ढङ्गले भोगिरहेका छन् । फेमिनिष्ट र फेमिनिज्मको भाष्यलाई त्यही पुरानै कोणबाटभन्दा पनि समय अनुकूल परिस्कृत गर्न जरुरी छ ।



# शीतगृहले किसानलाई राहत



**रासस**
**धरान ।**
कोशी प्रदेश सरकारको आर्थिक सहयोगमा धरानमा निर्माण भएको शीतगृह (चिस्यान केन्द्र) ले किसानलाई राहत मिलेको छ । विगतमा बिक्री नभएका आफ्ना उत्पादन खेर फाल्न बाध्य किसान अहिले बिक्री नभएको कृषिजन्य उत्पादन भण्डारणका लागि शीतगृह पु¥याउने गर्छन् ।
धनकुटाका कृषक शिवकुमार राईले शीतगृह निर्माण भएपछि किसानलाई ठूलो राहत मिलेको सुनाउँदै भने, 'दुःख गरेर धरान ल्याइएका फलफूल र तरकारी बिक्री भएन भने कि त सित्तैमा दिएर जानुपर्ने, नत्र नालीमा फाल्नुपर्ने अवस्था थियो । अहिले चिस्यान केन्द्र भएपछि बिक्री नभए पनि यहीँ थन्क्याएर जान पाइन्छ । अर्को हप्ता आएर फेरि बिक्री गर्न सकिन्छ ।' शिवकुमार मात्र होइन धरान–१३ स्थित कृषि उपज बजार स्थलमा तरकारी तथा फलफूल बिक्री गर्न आउने धनकुटा, भोजपुर, तेह्रथुम, सङ्खुवासभा, खोटाङलगायत पहाडी क्षेत्रका किसानका लागि शीतगृह बरदान साबित भएको छ । कोशी प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले आर्थिक वर्ष २०७६÷७७ मा बाली विशेष भण्डार गृह निर्माण कार्यक्रमअन्तर्गत उपलब्ध गराएको ४९ लाख ८३ हजार तीन सय रुपैयाँ र कृषि बजार व्यवस्थापन समितिको २६ लाख ९७ हजार आठ सय ४० रुपैयाँ गरी कूल ७६ लाख ८१ हजार एक सय ४० रुपैयाँ लागतमा शीतगृह निर्माण भएको थियो । शीतगृहमा कृषि उपज राख्न कृषक र व्यापारीको माग झनै बढेपछि आर्थिक वर्ष २०७७/७८ मा पनि कोशी प्रदेश सरकारले ५० लाख रुपैयाँ उपलब्ध गरायो । त्यसमा कृषि बजार समितिले १७ लाख रुपैयाँ थप गरेर कूल ६७ लाख रुपैयाँ लागतमा अर्को शीतगृह थप गरियो । हाल कृषि बजारमा शीतगृहका ६ वटा च्याम्बर छन् । एउटा च्याम्बरमा २५ टनदेखि ३० टनसम्म भण्डारण गर्न सकिन्छ । छ वटा च्याम्बरमध्ये २५ टन क्षमताको एउटा च्याबर कृषकका लागि आरक्षणका रुपमा छुट्याइएको कृषि बजार व्यवस्थापन समितिका व्यवस्थापक लक्ष्मण भट्टराईको भनाइ छ । उनले भने, 'अरू च्याम्बरमा कृषक, व्यापारी सबैले राख्न पाउँछन् तर एउटा च्याम्बर कृषककै लागि छुट्याइएकाले अरूले राख्न पाउँदैनन् । यो कृषकलाई आरणक्षका रुपमा राखिएको हो ।' शून्य डिग्री तापक्रम रहने शीतगृहमा अहिले किसानले आलुको बीउ, ड्रागन फ्रुट, किबी, जुम्ली स्याउ र नौनी घीउ राखेका छन् । शीतगृहमा ड्रागन फ्रुट एक महिनासम्म, किबी तीन महिनासम्म, आलुको बीउ एक वर्षसम्म र हरियो तरकारी एक हप्तासम्म भण्डारण गर्न सकिने व्यवस्थापक भट्टराईले बताए । भट्टराईका अनुसार यसरी भण्डार गर्दा कृषकले प्रतिकेजी मासिक दुई रुपैयाँ ५० पैसा तिर्नुपर्छ । शीतगृहमा व्यापारीहरुले पनि बाहिरबाट किनेर ल्याएका स्याउ, अङ्गुर, अनारजस्ता फलफूलहरु राख्ने गर्छन् । कतिपय व्यापारीले च्याम्बर नै लिजमा लिने गरेका छन् । उनीहरुले ३० टन क्षमताको प्रतिच्याम्बर मासिक ३० हजार रुपैयाँ तिर्ने गरेका छन् ।
तरकारी र फलफूलका लागि शीतगृह भए पनि खाद्यवस्तुका लागि अझै शीतगृह आवश्यक रहेको व्यवस्थापक भट्टराईले बताए । मासु, चिज, पनिरजस्ता खाद्य वस्तु राख्न शीतगृहको माग भए पनि त्यसका लागि करिब दुई करोड रुपैयाँ खर्च हुने भएकाले आर्थिक अभावले निर्माण गर्न नसकिएको उनको भनाइ छ । तरकारी, फलफूललाई शून्य डिग्रीमा राख्न सकिने भए पनि मासुजन्य खाद्यलाई माइनसमा राख्नुपर्ने भएकाले अर्को शीतगृह आवश्यक परेको हो ।
धरानस्थित कृषि उपज बजारमा दैनिक करिब एक हजार किसान र दुई सय ५० हाराहारी व्यापारीबीच कारोबार हुन्छ । यहाँ दैनिक दुई करोडदेखि तीन करोड रुपैयाँसम्मको कारोबार हुने गरेको छ । वार्षिक कारोबार सात अर्ब रुपैयाँ भन्दा बढी हुने गरेको छ ।

# सडक बत्तीको बक्यौता पालिकाबाट

**रासस**
**काठमाडौँ ।**
अर्थ मन्त्रालयले सडक बत्तीको महसुल बक्यौता सम्बन्धित पालिकाबाटै असूलउपर गर्न नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिएको छ । अर्थ मन्त्रालयको गत २२ कात्तिकको निर्णयबाट सडक बत्तीसहित विभिन्न सरकारी निकायबाट प्राधिकरणलाई भुक्तानी हुन बाँकी बक्यौता रकम सम्बन्धित कार्यालयबाट नै असूलउपर गर्न निर्देशन दिइएको हो । सरकारी कार्यालयमध्ये सबैभन्दा बढी विद्युत् महसुल बक्यौता सडक बत्तीको छ । कूल तीन सय ३१ पालिकाको गत असारसम्मको सडक बत्तीको बक्यौता रकम छ अर्ब आठ करोड रुपैयाँ बराबर छ । अधिकांश पालिकाको बक्यौता २०७४ साल पछिको हो । प्राधिकरणले आफ्नो तेस्रो वित्तीय पुनःसंरचनाको एउटा प्रस्तावमा सडक बत्तीसहित सरकारी कार्यालयको नाममा रहेको महसुल बक्यौता सरकारसँगको हिसाबमा मिलान गर्ने उल्लेख थियो । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले अर्थ मन्त्रालयबाट सरकारी निकायको बक्यौता रकम हिसाब मिलान गर्न नसकिने र उक्त रकम सम्बन्धित कार्यालबाटै असुलउपर गर्ने निर्णय भएको जानकारी प्राप्त भएको बताए । 'विभिन्न सरकारी निकायबाट प्राधिकरणलाई भुक्तानी हुनबाँकी बक्यौतालाई सरकार र



प्राधिकरणबीचको हिसाबमा मिलान गर्न प्रस्ताव गरेका थियौं, तर अर्थ मन्त्रालयबाट उक्त बक्यौता रकम ती निकायबाट असूलउपर गर्ने निर्णय भएको छ', कार्यकारी निर्देशक घिसिङले भने, 'सोही आधारमा हामीले बक्यौता रकम असूलीको प्रक्रिया अगाडि बढाएका छौँ ।' प्राधिकरणले सडक बत्तीको वक्यौता रकम तिर्न अनुरोध गर्दै ४५ दिनको समयावधि दिई गत २१ असोजमा सार्वजनिक सूचना प्रकाशित गरेको थियो । प्राधिकरणले गत मङ्सिर ६ गते पुनः सार्वजनिक सूचनामार्फत सडक बत्तीको बक्यौता तिर्न पालिकालाई अनुरोध गरेको थियो । वितरण केन्द्रले आफ्नो क्षेत्रमा रहेका पालिकालाई बक्यौता तिर्न ताकेता गरिरहेको र नतिर्ने पालिकाको सडक बत्तीको लाइन काट्न सुरु गरिएको प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवालले बताए । प्राधिकरणको विद्युत् महसुल सङ्कलन विनियमावली, २०७८ मा मिटर रिडिङ गरेको ६०औँ दिनसम्म विद्यत् महसुल नुबझाएमा बिना सूचना जनसुकै समयमा लाइन काट्न सकिने व्यवस्था छ । मिटर रिडिङ भएको १६औं दिनसम्म महसुल नतिरेमा थप दस्तुर आकर्षित हुने व्यवस्था छ । मिटर रिडिङ भएको मितिले १६औँ दिनदेखि ३०औँ दिनसम्म पाँच प्रतिशतका दरले र ३१औँ दिनदेखि ४०औँ दिनसम्म १० प्रतिशतका दरले थप दस्तुर लाग्ने प्रावधान छ । मिटर रिडिङ भएको मितिले ४०औँ दिनसम्म पनि विद्युत् महसुल नबुझाउने उपभोक्तालाई ४१औँ दिनदेखि बिलको २५ प्रतिशतकाका दरले थप दस्तुर लाग्ने व्यवस्था छ । यसरी २५ प्रतिशतका दरले थप दस्तुर लागेको ६०औँ दिनसम्म पनि बक्यौता महसुल नबुझाउने उपभोक्ताको विद्युत् लाइन जुनसुकैबेला काट्न सकिने प्रावधान छ ।

# आईपीएलको 'अक्सन' दुबईमा हुने




**एजेन्सी ।**
इन्डियन प्रिमियर लिग (आईपीएल) को 'अक्सन' (लिलामी) दुबईमा हुने भएको छ ।
आइतबार अक्सन हुने स्थानबारे आईपीएलले 'एक्स' मार्फत जानकारी दिँदै अक्सन आगामी पुस ३ गते हुने जनाइएको हो । मङ्सिर १० गते आईपीएलका सबै टिमले रिलिज र रिटेन गरेका खेलाडीको सूची सार्वजनिक गरेका थिए । आईपीएलमा १० फ्रेन्चाइजीले कुल ७७ खेलाडी लिन बाँकी छ । शुक्रबार आईपीएलले सबै फ्रेन्चाइजीलाई एक हजार १६६ खेलाडीको सूची बुझाएको छ, जो आईपीएलमा लिलामीका लागि आफ्नो नाम दर्ता गराएका छन् । तीमध्ये एसोसिएट देशका ४५ खेलाडी छन् । यस्तै अन्क्याप्ड (आफ्नो मुलुकको राष्ट्रिय टिममा नखेलेका) ९०९, भारतकै राष्ट्रिय टिममा खेलिसकेका १८ खेलाडी रहेका छन् ।

# सीपले बदलियो गृहिणीको जीवनशैली



**रासस**
**बागलुङ ।**
गलकोट नगरपालिकाले आर्थिक वर्ष २०७८÷७९ मा गृहिणी महिलालाई सीपमूलक तालिमसहित आवश्यक उपकरण सहयोग गरेपछि गृहिणी महिला पनि उद्यमी बनेका छन् । नगरपालिकाले २० जना गृहिणीलाई ४५ दिन स्विटर बुन्ने तालिम दिएपछि जीवनस्तरमा परिवर्तन आएको तालिममा सहभागी गृहिणी बताउँछन् । महिलाले स्विटर उद्योगलाई 'नरेठाँटी होच्यारी महिला उद्यमी' नाम दिएका छन् । अहिले साँघुरो ठाउँमा उद्योग सञ्चालन गरिए पनि यसलाई विस्तार गरी ठूलो बनाउने सोँच रहेको महिला उद्यमीकी संयोजक धनमाया खड्काथोकीले बताइन् । गलकोट–२ नरेठाँटीकी ५१ वर्षीया सावित्रा कार्की हिजोआज घर छेउको स्वीटर उद्योगमा भेटिन्छन् । दुई वर्ष अगाडिसम्म पशुचौपाया पाल्ने, खेतीपाती गर्ने र अरुको काम गरेर गुजारा चलाउने सावित्रा अहिले आफ्नै उद्योगमा मालिक बनेर काम गरिराखेकी छन् । उनीसँगै नरेठाँटीका सातजना महिला यही उद्योगमा काम गर्छन् । उद्योग सञ्चालनमा आएपछि अहिले सातै जनाले अरुको काम गर्नु नपरेको बताउँछन् । स्वरोजगार बनेपछि दैनिकी र जीवनस्तर बदलिँदै गएको उनीहरुको भनाइ छ । सावित्राले पाँच दशक बढीको उमेर चुलोचौको र मेलापातमा बिताउनुभयो । पचास नाघेपछि उद्यमी बन्दा उनी खुसी छन् । कुनै सीप नहुँदा जीवनकालमा निकै कष्टकर दिन बिताएको सम्झना सावित्राको मानसपटलमा अझै ताजा छ । काममा व्यस्त हुन थालेपछि पुराना दिनलाई विस्तारै भुल्दै गएको सावित्रीको भनाइ थियो । उद्योगमा हरेक दिन आफू जस्तै महिलाले काम गर्ने भएकाले दैनिकी सहज बन्दै गएको उनले बताइन् । गलकोट–२ को वडा कार्यालय नजिकै रहेको स्विटर उद्योगमा केही १८–२० वर्षका युवती छन् भने कोही पाका महिला छन् । युवादेखि पाकासम्मका महिलालाई उद्यमसँग जोड्न नगरपालिकाले भूमिका खेलेको छ । पालिकाले तालिम दिएर सीप सिकाएपछि उद्यमी बनेका महिलाले अब अरुको काम गर्नु नपर्ने सुनाउँछन् ।
सावित्राले परिवार चलाउनका लागि रात दिन अरुको काम गरेको स्मरण गर्दै अहिले आफूलाई अनुकूल समय निकालेर काम गरिरहेको बताइन् । उनले सबैभन्दा ठूलो सीप रहेको भन्दै सीप भएपछि कुनै पनि व्यक्तिले दुःख पाउन नपर्ने बताइन् । नगरपालिकाले गृहिणी महिलाका लागि ठूलो अवसर दिएपछि आयआर्जनसँग जोडिन थालेको सावित्रीको भनाइ थियो । अहिले आफै मालिक भएर काम गर्दा गौरवको अनुभूति भएको उनले अनुभव सुनाइन् । 'पहिले अरुको काम गर्नुपथ्र्यो । अरुको काम गरेर पैसा पाउन निकै गाह्रो हुन्थ्यो । परिवारको खर्चका लागि मेलापात गर्नुको विकल्प थिएन', उनले भनिन् 'अहिले सीप सिकेपछि दुई÷चार पैसा कमाउन गाह्रो छैन । आफ्नै व्यवसाय छ । आफै काम गर्ने आफै कमाउने भएका छौँ ।' महिला उद्यमीकी संयोजक खड्काथोकीले नगरपालिकाले दिएको स्विटर बुन्ने तालिमले आफूहरुको जीवनस्तरमा परिवर्तन गराइदिएको बताइन् । तालिम पश्चात् उद्योग परीक्षणकालमा रहे पनि व्यवसाय फस्टाउँदै गएको उनले बताइन् । यहाँ महिला तथा पुरुषका लागि स्विटर, विद्यार्थीका लागि पोसाक, गलबन्दि, टोपीलगायतका सामग्री उत्पादन गर्ने भन्दै बाहिरबाट आउने कपडाभन्दा गुणस्तरीय उत्पादन हुने खड्काथोकीले दाबी गरिन् । बजारको भन्दा सस्तोमा यहाँबाट उत्पादित सामान उपलब्ध गराउन सक्ने उनको भनाइ थियो । व्यवसाय सञ्चालन गरेको एक वर्षमै धेरै ठाउँबाट उत्पादनको माग आएको भन्दै मागअनुसार पु¥याउन नसकेको खड्काथोकीले जानकारी दिइन् । उद्योग सञ्चालनमा अधिकांश लगानी नगरपालिकाले गरेको भन्दै यहाँ आवद्ध महिलाले प्रतिव्यक्ति पचास हजार लगानी गरेका उनले बताइन् । उनका अनुसार कच्चापदार्थ बुटवल र काठमाडौँबाट ल्याउने भएकाले समस्या भएको छैन । संयोजक खड्काथोकीले उद्यमले गृहिणीको आर्थिक अवस्थालाई बलियो बनाउन थालेको बताइन् । पहिले अरुको काम गर्दा दिनको पाँच सय रुपैयाँ कमाउने गरेकामा अहिले एक हजारदेखि बाह्र सय रुपैयाँसम्म आम्दानी हुने गरेको उनलको जानकारी दिइन् । 'सीप नहुँदा मैले पनि अरुको काम गर्थँे । अरुको काम गर्दा पैसा लिन नै समस्या थियो । अहिले नगरपालिकाले सीप सिकाएपछि हामीहरु उद्यमी बनेका छौँ । यहाँ बाहिरबाट आउने कपडाभन्दा गुणस्तरीय उत्पादन गरिरहेका छौँ । तुलनात्मक रुपमा यहाँ सस्ता पनि पर्छ', खड्काथोकीले भनिन्, 'अहिले माग बढिरहेको छ । मागअनुसारको उत्पादन पु¥याउन सकिएको छैन । उत्पादन गर्ने ठाउँमै आएर किन्ने धेरै हुनुहुन्छ । उद्योगमा हामी आफूलाई मिल्ने समयमा आएर काम गर्छौं । अहिले मासिक ३०÷३२ हजार रुपैयाँ कमाउनलाई गाह्रो छैन ।' सोही ठाउँको सुस्मिता नेपालीले आर्थिक अवस्था कमजोर भएकाले १० पढ्दापढ्दै बीचमै पढाइ छोड्नुप¥यो । पढाइ छोडेर गाउँमै केही गर्ने लक्ष्य राख्नु भएकी सुस्मिताले नगरपालिकाले दिएको स्विटर बुन्ने तालिम लिएसँगै अहिले उनले पनि अन्य महिलासँग मिलेर उद्यम सुरु गरेकी छन् । उद्यमले अहिले आर्थिक अवस्था सुधारहुँदै गएको उनले बताइन् । नेपालीले दैनिक उद्योगमा आएर ग्राहकले माग गरेका कपडा बुन्ने गरेको सुनाउँदै आफूहरुले उत्पादन गरेका सामग्रीलाई धेरैले रुचाएको बताइन् । गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले गृहिणीलाई स्वरोजगार बनाउने योजनाअन्तर्गत दुई वर्ष अगाडि तालिम दिएर उद्यमी बनाइएको जानकारी दिए । पछिल्लो समय धेरै गृहिणी विदेश पलायन हुनथालेपछि गाउँ रित्तिन थालेको भन्दै उनीहरुलाई गाउँमै रोक्न सीप सिकाएर व्यवसायसँग जोडेको उनको भनाइ थियो ।
नगरपालिकाले तालिमसहित करिब सात लाख रुपैयाँ बराबरको मेसिन सहयोग गरेको भन्दै उद्योगका लागि घर पनि पालिकाले नै व्यवस्थापन गरिदिएको प्रवक्ता भण्डारीले बताए । 'सुरुमा तालिम लिने दिदीबहिनी धेरै हुनुहुन्थ्यो । व्यवसाय गर्न चाहीँ सात जनाले मात्रै थाल्नुभयो । उनीहरु अहिले आत्मनिर्भर बन्दै जानुभएको छ । सात जनाले भए पनि यहाँ रोजगार पाउनुभएको छ' उनले भने, 'अझै उद्योगमा धेरै कामदारको आवश्यकता परेमा उद्योग विस्तार गर्दै लगे धेरैले रोजगार पाउने छन् ।' यहाँ आवद्ध सबैको आर्थिक अवस्था सुधार भएको भन्दै प्रवक्ता भण्डारीले महिला आयआर्जनसँग जोडिएसँगै उनीहरुको जीवनशैली पनि बदलिएको बताए । नगरपालिकाले अन्य वडामा पनि सीपमूलक तालिम दिएर महिलालाई व्यवसायसँग जोडेको उनको भनाइ थियो ।

# जापानमा भालु आक्रमण इतिहामै उच्च

**सिन्ह्वा**
**टोकियो ।**
आर्थिक वर्ष २००६ मा रेकर्ड राख्न सुरु भएपछि जापानभर भालुको आक्रमण कीर्तिमानी स्तरमा पुगेको छ । मुलकमा भालुको आक्रमणका लागि यो वर्ष सबैभन्दा खराब वर्ष हो । पर्यावरण मन्त्रालयका अनुसार आर्थिक वर्ष सुरु हुने अप्रिल महिनापछिको आठ महिनामा मुलुकभर एक सय ९३ वटा भालुको आक्रमण भएको छ र यस क्रममा दुई सय १२ जना घाइते र छ जनाको मृत्यु भएको छ । मन्त्रालयका अनुसार आर्थिक वर्ष २०२० मा घाइते भएका एक सय ५८ जनाको कीर्तिमानी सङ्ख्यालाई यो आँकडाले नाघेको छ । उत्तरपूर्वी जापानमा ७० प्रतिशत आक्रमण भएको छ । अकितामा ७० र इवातेमा



४५ आक्रमण भएका छन् । गत नोभेम्बरमा भालुले ३० जनामाथि आक्रमण गरेको थियो । उक्त आक्रमण दोस्रो सबैभन्दा ठूलो थियो । भालुहरू सामान्यतया नोभेम्बरको अन्त्यदेखि डिसेम्बरसम्म शीतनिद्रामा जान्छन् तर मन्त्रालयका अधिकारीहरूले अझै पनि आक्रमण हुनसक्ने चेतावनी दिएका छन् ।

# दुई पालिकाको पुरानै बेरुजु मात्र

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाका १८ पालिकामध्ये १६ पालिकामा मात्रै ६ अर्ब ६७ करोड ७ लाख ५० हजार रुपैयाँ असुल गर्नु पर्ने महालेखा परीक्षकको प्रतिवेदन २०७९ ले देखाएको छ ।
महालेखा परीक्षकको कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन २०७९ चैत २९ गते प्रकाशित आर्थिक वर्ष २०७८।०७९ को आधारमा रहेर धनुषाका १६ पालिकाको बेरुजु हामीले आइतबार मधेशद्दष्टि दैनिक पृष्ठ १ मा प्रकाशन गरेका हौँ ।
कमला नगरपालिका र धनौजी गाउँपालिकाको आर्थिक वर्ष २०७८–७९ लेखा परीक्षण प्रतिवेदन महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको छैन । तसर्थ, अघिल्लो आर्थिक वर्ष अर्थात २०७७–७८ मा दुई पालिकामा लेखा परीक्षण प्रतिवेदनले देखाएको बेरुजु रकम के कति फछ्र्यौट भयो भएन, यकिन गर्न सकिएन । त्यसैले १८ पालिकामध्ये १६ पालिकाका मात्रै बेरुजु रकम पाठकमाझ पस्किएका हौँ ।
महालेखा परीक्षकको कार्यालयको प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन आर्थिक वर्ष २०७७–७८ को आधारमा २०७८ असार ३१ गते प्रकाशित वार्षिक लेखापरीक्षण प्रतिवेदनमा कमला नगरपालिकाको ५० करोड ५२ लाख ७३ हजार रुपैयाँ बेरुजु देखिएकामा २०७८–७९ कति फछ्र्यौट भयो भन्ने लेखापरीक्षण प्रतिवेदनमा सार्वजनिक गरिएको छैन ।
त्यस्तै, धनौजी गाउँपालिकाको आर्थिक वर्ष २०७८–७९ लेखा परीक्षण प्रतिवेदन महालेखा परीक्षकको कार्यालयले सार्वजनिक नगरेका कारण २०७८–७९ मा कति फछ्र्यौट भयो भन्ने यकिन छैन ।
आर्थिक वर्ष २०७७–७८ मा भने वार्षिक लेखापरीक्षण प्रतिवेदनले देखाएअनुसार २४ करोड ९४ लाख १० हजार रुपैयाँ बेरुजु देखिएको छ ।

# विद्यालयलाई जग्गा दिएर घर निर्माण बदमासी लुकाउन अनेक अनियमतिता

**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
धनुषाको सहिदनगर नगरपालिकामा विद्यालय भवन निर्माणमा बदमासी भएको पाइएको छ ।
कतिसम्म भने बदमासी ढाकछोप गर्न विद्यालय नै गाभ्ने निर्णयसमेत गरेर सुशासनको खिल्ली उडाइएको छ ।
योसँगै विद्यालयको नाममा रहेको सरकारी जग्गामा नगरपालिकाका तत्कालीन शिक्षा संयोजकले आफ्नै घर बनाएको पाइएको छ । र, यसलाई ढाकछोप गर्न निजी जग्गामा सरकारी लगानी गरेर विद्यालय भवन निर्माण गरेर अर्को बदमासी गरिएको हो ।
वडा नम्बर २ चोराकोयलपुरमा रहेको सरकारी विद्यालयको नाममा दर्ता रहेको जग्गामा नगरपालिकाका तत्कालीन शिक्षा संयोजक तथा शिक्षक धनेश्वर यादवले घर निर्माण गरेका हुन् । अनि निजी जग्गामा सरकारी लगानीमा विद्यालय भवन बनाइएको छ । तिलक आधारभूत विद्यालय चोराकोयलपुरको नाममा रहेको कित्ता नम्बर ८९६, क्षेत्रफल ०–१–४–२८ (एक कठ्ठा ४ धूर २ कनमा )को जग्गामा शिक्षकको घर बनेको हो ।
जग्गा स्थानीय महेश्वरप्रसाद यादवले २०६७ जेठ ३१ गते तिलक राष्ट्रिय प्रावि चोरायकोयलपुरलाई दानपत्रमार्फत दिएका थिए । राष्ट्रिय सतर्कता केन्द्रमा यसबारे परेको उजुरीबारे छानबिन गर्न गठित टोलीले स्थलगत छानबिन गर्दा समेत विद्यालयको नाममा कायम गरिएको पुर्जामा महेश्वर यादव, धनेश्वर यादवलगायतका परिवारका सदस्यले नै निजी घर निर्माण गरी बसोबास गरिरहेको पाइएको हो ।
विद्यालयका नाममा जग्गा धनी प्रमाण पुर्जासमेत बनिसकेको अवस्थामा उनीहरुले जग्गाको सट्टामा साविकको चोराकोयलपुर गाविस वडा नम्बर ३ मा तीन दाजुभाइको नाममा संयुक्त रूपमा दर्ता रहेको जग्गा विद्यालयलाई दिने भनेर सट्टाभर्ना गर अनियमितता लुकाउन खोजेको पाइएको छ । महेश्वर यादव, धनेश्वर यादव र अशेश्वरकुमार यादवको नाममा संयुक्त रूपमा दर्ता कायम भएको कित्ता नम्बर १०० को क्षेत्रफल ०–९–१५–० (नौ कठ्ठा पन्ध्र धुर जग्गामध्ये ०–२–१० (२ कठ्ठा १० धुर) विद्यालयको नाममा रहेको जग्गासँग सट्टाभर्ना गर्ने प्रयोजनका लागि विद्यालयले नगरपालिकामा सिफारिस गरेको देखिन्छ ।
विद्यालयले २०७९ फागुन ९ गते चलानी नम्बर २५ रहेको पत्र नगरपालिकामा पठाएकोमा पत्र नगरपालिकामा २०७९ फागुन १० गते दर्ता भई दर्ता नम्बर २० कायम भएको देखिएको छ । विद्यालय भवन धनेश्वर यादवको कित्ता नम्बर १०० मा निर्माण भएको भनिएकामा जग्गाका संधियार राजकिशोर चोरवार यादवले आफ्नो निजी जग्गा (कित्ता नम्बर १८९, क्षेत्रफल ०–६–५–०)मा धनेश्वर यादवले विद्यालय स्थापना गराएको र विद्यालयलाई कुनै सिफारिस नगरिदिन २०७९ फागुन १० मा वडा कार्यालयमा निवेदन पेस गरेका छन् ।
यही विवादित जग्गामा प्रदेश सरकार र सहिदनगर नगरपालिकाको स्रोत परिचालन गरी नयाँ चारकोठे पक्की भवनको संरचना निर्माणाधीन छ । जग्गाको विवादले विद्यालयको नयाँ भवन निर्माण अधुरो छ ।
निजी विवादित जग्गामा सरकारी लगानी खेर गएको, विवादित जग्गामा सरकारी लगानी गरी विद्यालय भवन निर्माण गरे पनि विद्यालय भवन अधुरो रहेको तथा लगानी खेर गएको, विवादित विद्यालय भवनको जग्गामा बाटोको निकास समेत नभएको अवस्थामा राज्यलाई छल्नका लागि शिक्षा संयोजक समेत रहेका धनेश्वर यादवले विद्यालयलाई अर्को सरकारी विद्यालयमा गाभ्ने निर्णय गरेर तेस्रो बदमासी ढाकछोपमा लागेका छन् ।

# दुर्घटनामा एकको मृत्यु, तीन घाइते

**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
सर्लाहीको बागमती नगरपालिकामा शनिबार राति दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने दुई प्रहरीसहित तीन जना घाइते भएका छन् ।
पूर्व पश्चिम राजमार्गअन्तर्गत बागमती नगरपालिका वडा नम्बर ११ पुरानो प्रहरी चोकअगाडि दुईवटा मोटरसाइकल ठोकिएपछि प्रदेश नम्बर २–०३–००६ प ६७ नम्बरको मोटरसाइकल पछाडि सवार युवक सडकमा लड्दा काठमाडौँ गइरहेको ना७ख १८३६ बसले किच्दा घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक अनिलराज गिरीले जानकारी दिए ।
मृतकको सनाखत हुन बाँकी छ । मृतक युवक ईश्वरपुर नगरपालिकाका बासिन्दा रहेको खुलेको र मृतकका परिवार आएपछि सनाखत हुने प्रहरी निरीक्षक गिरीले बताए । दुर्घटनामा ईश्वरपुर नगरपालिका सखुवनीका २१ वर्षीय रमेश महतो घाइते भएका छन् । दुर्घटनामा इलाका प्रहरी कार्यालय कर्मैयाका वरिष्ठ प्रहरी नायब निरीक्षक (वरिष्ठ सई) नारायण दाहाल र प्रहरीको मोटरसाइकल चालक प्रहरी हवल्दार रामशरण न्यौपाने घाइते भएका छन् । घाइते रमेश महतो र प्रहरी हवल्दार रामशरण न्यौपानेको लालगढ अस्पताल, धनुषामा उपचार भइरहेको छ । वरिष्ठ सई दाहालको अवस्था भने सामान्य छ । दुर्घटनामा मोटरसाइकल र युवकलाई किच्ने बस र चालकलाई नियन्त्रणमा लिइएको छ ।

# एनसेलमा कर छलीको आशंका

**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
प्रतिनिधिसभा सदस्य डा. अमरेशकुमार सिंहले दूरसञ्चार कम्पनी एनसेलको शेयर खरिदबिक्रीमा कर छली भएको आशंका व्यक्त गरेका छन् ।
आइतबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा सांसद सिंहले एनसेलको शेयर खरिदबिक्री शङ्कास्पद भएको दाबी गर्दै छानबिनका लागि सरकारसँग माग गरेका हुन् ।
एनसेलको शेयर खरिदबिक्रीमा कर छलीको आशंका व्यक्त गर्दै सांसद सिंहले भने, ‘जुन कम्पनीको वार्षिक ४० अर्ब रुपैयाँ भन्दा बढी आम्दानी छ, त्यो कम्पनी साढे छ अर्ब रुपैयाँमा कसरी बिक्री हुन्छ ? यो पत्याउन सकिन्न ।’ एनसेलको सेयर बिक्रीमा नेपालका नेताहरूको पनि संलग्नता रहेको आरोप लगाउँदै नेताहरूलाई अर्बमा फाइदा भए पनि नेपाली जनतालाई भने खर्बौं घाटा लागेको तर्क गरे । उनले एनसेल चार वर्षपछि नेपाली जनताको सम्पत्ति हुने बताउँदै अहिले भएको अपारदर्शी खरिदबिक्री नेपाली जनताले सडकमा आएर रोक्नुपर्ने धारणा राखे ।
सन् २०१६ मा तत्कालिन माउ कम्पनी स्वीडेनको टेलियासोनेराले एनसेलमा रहेको ८० प्रतिशत शेयर एक अर्ब ३६ करोड ५० लाख अमेरिकी डलर अर्थात एक खर्ब ४४ अर्ब ७ करोड रुपैयाँमा मलेसियन कम्पनी आजियटालाई बिक्री गरेको थियो । तर अहिले सोही शेयर पाँच करोड डलर अर्थात् साढे छ अर्ब रुपैयाँमा बिक्री गरिएकोप्रति सांसद सिंहले आशंका व्यक्त गरेका हुन् ।
एनसेल खरिदबिक्री यूकेमा गरेर नेपालमा तिर्नुपर्ने क्यापिटल गेन ट्याक्स छली गर्न खोजिएको उनले बताए ।
उनले एनसेलको सेयर ५० मिलियन डलरमा बिक्री भएको सत्य हो भने आफू ६० मिलियन डलर दिन तयार रहेको जिकिर गरे ।
सरकारको स्वामित्वमा आउन नदिन एनसेलको सेयर बिक्री भएको उनले दाबी गरे । चार वर्षपछि नेपाल सरकारको स्वामित्वमा आउन लागेको एनसेल गलत मनसाय राखेर खरिदबिक्री भएको उनको भनाइ छ ।

# महिलाको शंकास्पद मृत्यु

**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
धनुषाको सबैला गाउँपालिका–२ कि २५ वर्षीया पूजा शाहको शंकास्पद मृत्यु भएको छ ।
स्थानीय गंगाराम साहकी पत्नी पूजाको घाँटीमा चोट लागेको अवस्थामा प्रादेशिक अस्पताल जनकपुर ल्याइएको तर बाटोमै मृत्यु भएको बताइएको छ ।
शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको छ ।

# बालिका बलात्कृत

**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
धनुषाको बटेश्वर–४ स्थित खेतमा धान काट्ने क्रममा १४ वर्षीया बालिका बलात्कारमा परेकी छिन् । उनलाई उखुबारीमा लगेर बलात्कार गरेको परिवारजनको आरोप छ । धान काटेर साँझ करिब ६ बजे धान ओसार्नेक्रममा २८ वर्षीय नविन महतोले एक्लै भएको अवस्थामा उखुबारीमा जबर्जस्ती गरेको बताइएको छ । पीडित परिवारले इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा जाहेरी दिएलगत्तै पीडित बालिकाको स्वास्थ्य परीक्षण गरिएको छ भने आरोपी फरार छन् ।

# एसइइमा उत्कृष्टलाई छात्रवृत्ति प्रदान



**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
पूर्वउपप्रधानमन्त्री एवम् नेपाली कांग्रेसका नेता बिमलेन्द्र निधिले विश्वमा संघीय लोकतान्त्रिक व्यवस्था भन्दा अरू कुनै शासन व्यवस्था नभएको बताएका छन् ।
पूर्वउपप्रधानमन्त्री निधिले धर्म संस्था जनकपुरधामद्वारा २०७९ सालको एसइइ परीक्षामा मधेश प्रदेशका ६ जिल्लाका सामुदायिक विद्यालयतर्फ सर्वोत्कृष्ट अङ्क ल्याउने छात्रछात्रालाई भैरव साह लक्ष्मीनिया देवी छात्रवृत्ति जनकपुरधाममा छात्रवृत्ति वितरण गर्दै संघीय शासन प्रणालीलाई सुदृढ बनाउँदै यसमा भएको कमी कमजोरी परिमार्जन गरेर बढ्न सकिने बताए ।
उनले संघीय लोकतान्त्रिक गणतन्त्रलाई मजबुत बनाउनका लागि प्रहरी तथा निजामती ऐनलाई चाँडो ल्याएर प्रहरी तथा कर्मचारी समायोजन गरी संविधानले प्रदान गरेको अधिकार दिनमा ढिलाइ गर्न नहुने बताए ।
कार्यक्रममा धनुषा, महोत्तरी, सर्लाही, रौतहट, सिरहा तथा सप्तरी जिल्लाका सामुदायिक विद्यालयतर्फ जिल्लामै सबैभन्दा बढी जिपिए ल्याएर प्रथम, द्वितीय र तृतीय हुने छात्रछात्रालाई क्रमशः २५ हजार, २२ हजार तथा २० हजार नगदसहित सम्मान पत्र प्रदान गरिएको थियो ।

# अपाङ्गलाई कम्बल वितरण

**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
३२ औं अन्तराष्ट्रिय अपाङ्ग दिवसका अवसरमा आइतबार महोत्तरीको मटिहानी नगरपालिकाले कार्यक्रम आयोजना गरी अपाङ्गलाई कम्बल वितरण गरेको छ ।
मटिहानी नगरपालिकाको कार्यालयमा आयोजित कार्यक्रममा मटिहानी नगरपालिकाका ४० जना अपाङ्गलाई कम्बल मटिहानी नगरपालिकाका नगर प्रमुख हरिप्रसाद मंडलले वितरण गरे ।
नगर प्रमुख मंडलले अपाङ्गहरुलाई सहयोग गर्न र उनीहरुलाई अगाडि बढाउन नगरपालिका प्रतिबद्ध रहेको बताए । कार्यक्रममा मटिहानी नगरपालिका वडा नम्बर १ का वड़ा अध्यक्ष शिवशंकर राय, प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा, स्वास्थ्य शाखा प्रमुख पवन मण्डल, योजना अधिकृत राजेश शर्मा, महिला बालबालिका तथ ज्येष्ठ नागरिक शाखा प्रमुख दीपा दास, अपाङ्ग समन्वय समितिका सदस्य नजामुद्दीन अंसारीलगायतका वक्ताले अपांग दिवसबारे प्रकाश पारेका थिए ।

# बिहान ५ बजे नै पिडिएफ उपलब्ध




मधेशद्दष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशद्दष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशद्दष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

# प्रशासकीय अधिकृतको अभावमा स्थानीय तह प्रभावित

**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
प्रमुख प्रशासकीय अधिकृतको दरबन्दी रिक्त हुँदा झन्डै दुई सय स्थानीय तह प्रभावित बनेका छन् । प्रशासकीय अधिकृत नहुँदा आर्थिक कारोबार, प्रशासनिक बाँडफाँट, विकास निर्माण र सेवा प्रवाह नै प्रभावित भएको हो ।
पालिकामा प्रमुख प्रशासकीय अधिकृत सङ्घअन्तर्गतको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले खटाउने व्यवस्था छ । तर, मन्त्रालयका अनुसार अहिले एक सय चार नगरपालिका, ८० गाउँपालिका र ६ उपमहानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत रिक्त छन् ।
रिक्त हुने क्रम बढ्दै गएको मन्त्रालयले जनाएको छ ।
प्रमुख प्रशासकीय रिक्त रहेका अधिकांश पालिका निमित्तका भरमा चलेका छन् ।
उपसचिवको दरबन्दी हुने नगरपालिकामा वरिष्ठ शाखा अधिकृतलाई प्रमुख प्रशासकीयको जिम्मेवारी तोकेर पठाइएको छ । करिब ५० नगरपालिकामा शाखा अधिकृतलाई प्रमुख प्रशासकीयको जिम्मेवारी तोकिएको छ । त्यस्तै, सहसचिव दरबन्दी हुने ११ उपमहानगरमध्ये ६ वटामा उपसचिवलाई जिम्मेवारी दिइएको छ । प्रमुख प्रशासकीय नहुँदा आर्थिक कारोबार नै बन्द हुन्छ । निमित्तलाई आर्थिक अधिकारसहितको जिम्मेवारी दिएर समस्या टालटुल पार्दै आएको छ । कतिपय पालिकामा त निमित्त पनि छैनन् ।



# मन्त्रीको पहलमा आश्रमलाई बोलेरो



**मधेशदृष्टि**
**वीरगंज ।**
उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले सडकमा अलपत्र रहेका व्यक्तिलाई आश्रय दिएर मानव सेवा आश्रमले असहाय र बेसहारालाई सहारा दिएको भन्दै प्रशंसा गरेका छन् । मानव सेवा आश्रम वीरगंजलाई आइतबार मन्त्री रिजालले आफ्नो पहलमा उपलब्ध गराएको बोलेरो गाडी हस्तान्तरण गर्दै आफूले गरेको प्रतिबद्धताअनुसार काम गरेको बताए ।

उनले समाजमा मानवता हराउँदै गएको बेला मानव सेवा आश्रमले सडकमा बेसहारा भई अलपत्र रहेका असहाय, अनाथ, मानसिक सन्तुलन गुमाएकाहरुलाई सहारा दिएको भन्दै आश्रमको कारण सयौँ व्यक्तिले सहारा पाएको बताए । मानव सेवा आश्रमका राष्ट्रिय अध्यक्ष रामजी अधिकारीले उपलब्ध सवारी साधनबाट आश्रममा रहेका व्यक्तिलाई पारिवारिक पुर्नमिलन गराउन तथा सडकबाट उद्धार गर्न सहयोग पुग्ने बताए । मन्त्री रिजालले आफू र आफ्ना निकटहरुको सहयोगमा २८ लाख ५० हजार मूल्य बराबरको बोलेरो गाडी उपलब्ध गराएको आश्रमका मधेश प्रदेश संयोजक देवेश गुप्ताले जानकारी दिए । गाडी हस्तान्तरण कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, उद्योग वाणिज्य महासंघका मधेश प्रदेशका पूर्व अध्यक्ष गणेश लाठ, जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख कोमल शाह, ज्येष्ठ नागरिक पशुपति विक्रम शाह, मधु राणा, नुतन सरावगी, रम्भा मिश्र लगायतको सहभागिता थियो ।

## सिमरा विमानस्थलमा इन्धन रिफ्युलिङ स्टेसन

**मधेशदृष्टि**
**वीरगंज ।**
सिमरा विमानस्थलमा हवाई इन्धन रिफ्युलिङ स्टेसन स्थापना भएको छ । नेपाल आयल निगमले स्थापना गरेको स्टेसनको आइतबार उद्योग, वणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले उद्घाटन गरे । रिफ्युलिङ स्टेसन स्थापना पनि विमानस्थल भएर उडान भर्ने जहाजलाई काठमाडौँबाटै दोहोरो रुटको इन्धन भरेर आउने बाध्यता हटेको छ । विमानस्थलमा दैनिक १५ वटा उडान भर्दै आएको छ । नयाँ रिफ्युलिङ स्टेसन स्थापनाले सिमरा विमानस्थलमा आकस्मिक अवतरण गर्न समेत सहज हुने आयल निगमको विश्वास छ । विमानस्थलमा रिफ्युलिङ स्टेसन स्थापना गर्न स्थानीयको लामो समयदेखिको मागलाई ध्यानमा राखेर निगमले चालु आर्थिक वर्षको बजेटमा परियोजनालाई समावेश गरेको थियो ।

# कांग्रेसका कारण फतुवा विजयपुरको नगरसभा अन्योल

**सञ्जय मिश्रा**
**रौतहट ।**
फतुवा विजयपुर नगरपालिकामा नेपाली कांग्रेसका जनप्रतिनिधिका कारण नगरसभा अन्योल बन्दै गएको छ । कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिको जुँगाको लड़ाइँमा अल्झेका कारण असार १० गतेभित्र हुनुपर्ने नगरसभा हालसम्म भएको छैन भने हुने सम्भावना पनि टाढा हुँदै गएको छ ।

फतुवा विजयपुरको मेयर अम्बेया खातुनको निर्देशनमा नगरसभाबारे छलफल गरी दिन तोक्न प्रमुख प्रशासकीय अधिकृत उपसचिव सुरेन्द्र प्रधानले आइतबार नगर कार्यपालिका बोर्डको बैठक बोलाएका थिए । बैठकमा २१ जना कार्यपालिका सदस्यमध्ये कार्यालय समयमा मात्र पाँचजना उपस्थित भएकाले गणपूरक संख्या नपुगेको भन्दै पुनः २० गतेका लागि बैठक सारिएको प्रशासकीय अधिकृत प्रधानले जानकारी दिए । नगर कार्यपालिका सदस्यमध्ये एमाले र अन्य समर्थित उपस्थित भए पनि कांग्रेसबाट निर्वाचित ८ वडा अध्यक्षमध्ये सातजना र अन्य कार्यपालिका सदस्य उपस्थित नभएकाले बाध्य भएर बैठक सारिएको फतुवा विजयपुरको कार्यबाहक मेयर खातुनले जानकारी दिइन् । प्रशासकीय अधिकृत प्रधानका अनुसार, नगरपालिकाको ११ अध्यक्ष, कार्यपालिका सदस्य, कार्यबाहक मेयरसहित सबैलाई बैठकबारे चिठी बुझाएर भर्पाईसमेत गराइएको छ । तर वडा नम्बर ९ का अध्यक्ष पप्पु भनिने राकेश कुमार यादवले बैठकबारे औपचारिक जानकारी नआएको बताए । मेयरकी पति महमद सेराजले मौखिक मात्र भनेकाले कांग्रेस समर्थित वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरु बैठकमा अनुपस्थित भएको प्रतिक्रिया दिए । लामो समयपछि खुलेको नगरपालिकामा नगरसभाबारे बैठक बस्ने जनप्रतिनिधिलाई मात्र नभई सर्वसाधारण सबैलाई थाहा भएकै हो । तर नगरपालिका लथालिङ्ग बनाउन उदत भएका कारण उनीहरू बैठकमा उपस्थित नभएको मेयर खातुनले गुनासो गरिन् ।

फतुवा विजयपुरमा लालबकैया नदीकै टेन्डरमा तत्कालीन मेयर गोपाल राय यादव दोषी ठहर भई तीनवर्ष कैद र १५ लाख रुपैयाँ जरिवाना भएको छ । मेयर यादवको पद धरापमा परेसँगै नगरपालिकाको अवस्था लथालिङ्ग बनेको हो । कांग्रेसबाहेकका गठित संघर्ष समितिको पहलमा झण्डै दुई महिनापछि अघिल्लो सातादेखि नगरपालिका सञ्चालनमा आएको हो । केही दिनअघि आएका प्रमुख प्रशासकीय अधिकृत प्रधानको मेहनतबाट सामाजिक सुरक्षा भत्ता वितरण सुरु भएको छ । तर नगरसभा नभएका कारण फतुवा विजयपुरको शिक्षक, कर्मचारीसहित ३ सय ५० भन्दा बढीले आर्थिक वर्ष यता तलब पाएका छैनन् भने विकास निर्माणको सम्पूर्ण काम ठप्प छ ।

# आश्रय निर्माण र सहरी विकासको मिलेमतोमा बदमासी



**मधेशदृष्टि**
**रौतहट ।**
आश्रय निर्माण सेवाले ठेक्का सम्झौता गरेको करोडौँको काम सहरी विकास प्रमुखकै मिलोमतोमा पेटी ठेकदारमार्फत गराउँदा पूर्णरुपमा गुणस्तरहीन काम भइरहेको पाइएको छ । आश्रयले घटाघट प्रक्रियामा सबै ठेकदार भन्दा न्यूनमा सकार गरेको करोडौँ लगानीको बाटो ढलान र नाला निर्माणलगायतको काम आफैँले नगरी पेटीमार्फत गराउँदा गुणस्तरहीन काम भएको हो । कटहरिया र मौलापुर नगरपालिकामा मात्र आश्रयले सघन सहरी कार्यक्रमअन्तर्गत वीरगंजबाट १० करोड रुपैयाँ भन्दा बढीको ठेक्का सम्झौता गरेको थियो । तर कटहरियादेखि मौलापुरसम्म सामान्य साधनस्रोत नभएका सानासाना ठेकदारसँग निर्माणको काम गराइरहेको छ । मौलापुर नगरपालिका–८ सोनरनियामा नाला निर्माणमा बदमासी भइरहेको छ । पेटी ठेकेदार राजा गुप्ता हुन् । नाला निर्माणका काममा गुप्ताले दुई नम्बरी इँटा प्रयोग गरिरहेका छन् । गुप्ताले पटकपटक गुणस्तरहीन काम गर्दै आएको खबर विभिन्न मिडियामा आउनुका साथै सामाजिक सञ्जालमा पनि भाइरल बनेको छ । पेटी ठेकेदारलाई कारबाही गर्न पूर्ववडाध्यक्ष बसन्त कुमार यादवले समेत पटकपटक आवाज उठाउने गरेका छन् । तर उनको आवाज सुनिदिने अथवा स्तरीय काम गराउन सहरी विकासका कर्मचारीदेखि प्रमुखसम्म कसैको ध्यान गएको छैन । त्यसैगरी कटहरियाको विभिन्न वडाको काम पनि आश्रयले आफैँ नगरी ससाना पेटी ठेकेदारमार्फत गराइरहेको छ ।

सहरी विकास कार्यालय वीरगंजका प्रमुख बिनोद कुमार सिंहले मौलापुर र कटहरियामा भइरहेको कामको ल्याब टेस्ट गराउने र गलत ठहर भएमा कारबाही गर्ने प्रतिबद्धता जनाए । स्रोतका अनुसार सहरी विकासका कर्मचारीले १० प्रतिशत पर्सनल कमिसन लिने गरेका कारण काममा स्तरीयता नभएको हो ।

# मेयर सिंहको सक्रियतामा नारायणीमा वार्ड निर्माण सम्झौता



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको नारायणी अस्पतालमा नवजात शिशुको उपचारका लागि पोष्ट नेटल केयर वार्ड निर्माण गरिने भएको छ ।
केएनपी नेरोलेक जापानको आर्थिक सहयोगमा ४० लाख रुपैयाँको लागतमा वार्ड निर्माण गरिने भएको हो ।
वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहको सक्रियतामा नारायणी अस्पतालमा पोष्ट नेटल केयर वार्ड निर्माणका लागि सम्झौता भएको छ । अस्पताल वीरगंजमा आयोजित कार्यक्रममा महानगरपालिका, अस्पताल र केएनपी नेरोलेक जापानका प्रतिनिधिहरुबीच त्रिपक्षिय हस्ताक्षर भएको हो । सम्झैता पत्रमा महानगरपालिका प्रमुख सिंह, अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.चित्तरन्जन साह र केएनपी नेरोलेक जापानका संचालक अशोक वैद्यले हस्ताक्षर गरेका हुन् । मधेशका सर्वसाधारण जनताको उपचारको केन्द्रको रुपमा रहेको नारायणी अस्पतालको सेवालाई समय सापेक्ष र गुणस्तरीय बनाउदै सम्पूर्ण सेवा एउटै थलोमा उपलब्ध गराउने उद्देश्यका साथ पिएनसी वार्डको स्थापनाका लागि सम्झौता भएको नगर प्रमुख सिंहले बताए ।

# विभिन्न क्षेत्रलाई लायन्स क्लबको सहयोग




**मधेशदृष्टि**
**वीरगंज ।**
लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एसको दोस्रो क्याबिनेट बैठक वीरगंजमा भएको छ । वीरगंजको गण्डकमा सम्पन्न क्याबिनेट बैठकले भुकम्प प्रभावित क्षेत्र जाजरकोट र रुकुम पश्चिमका विभिन्न ठाउँमा ५८ वटा विद्यलाय निर्माण गर्ने निर्णय गरेको छ ।
लायन्स अन्तर्राष्ट्रियबाट ५० हजार डलर (६५ लाख रुपैयाँ) र नेपालभरीका लायन्स क्लबबाट ६५ लाख रुपैयाँ गरी १ करोड ३० लाख रुपैयाँमा विद्यालय निर्माण गर्ने निर्णय क्याबिनेटले पास गरेको लायन्स क्लबका डिष्ट्रिक्ट गर्भनर लायन डिएन अग्रवालले जानकारी दिए ।
त्यस्तै बैठकले मानव सेवा आश्रम वीरगंजको भवन निर्माणका लागि १ करोड ३५ लाख रुपैयाँ लायन्स क्लबले सहयोग गर्ने निर्णय पनि पास गरेको छ ।
वीरगंज महानगरभित्रका सामुदायिक विद्यालयको भवन निर्माणका लागि १ करोड ८० लाख रुपैयाँ सहयोग गर्ने निर्णय पनि गरेको गर्भनर अग्रवालले बताए ।
उनले लायन्स क्लबले २ हजार जना मोतिबिन्दु भएकाहरुको निशुल्क शल्यक्रिया गर्ने लक्ष्य लिएको जानकारी दिए ।
क्याबिनेट बैठकमा पछिल्लो समय लायन्स क्लबहरुले गरेका कार्यहरुको मूल्यांकन तथा समीक्षासँगै भावी रणनीति पनि निर्माण गरिएको लायन्स क्लब अफ ३२५ एस एरिया ३ का एरिया चिफ उमेश शर्माले बताए ।
क्याबिनेट बैठकमा ३२५ एस अन्र्तगत पर्ने ३ वटा एरिया बारा, पर्सा, मकवानपुर, काठमाण्डौ र ललितपुर जिल्लाका करिब ३ सय जना लायन्सहरुको सहभागिता रहेको थियो ।

# शैक्षिकस्तर खस्किएपछि मेयर अनुगमनमा

**छठु साह**
**वीरगंज ।**
पर्साको पकहामैनुर गाउँपालिकामा समुदायिक विद्यालयको शैक्षिक अवस्था खस्किएसँगै गाउँपालिकाले विद्यालयहरुको अनुगमनमा तीव्रता दिएको छ ।
गाउँपालिका अध्यक्ष सुरेश प्रसाद मेहता र प्रमुख प्रशासकीय अधिकृत दयाशंकर चौधरीले आइतबार नेपाल राष्ट्रिय माध्यमिक विद्यालय धोरेमा अनुगमन गरेका छन् । विद्यालयका प्रशासनिक, भौतिक तथा अतिरिक्त क्रियाकलापबारे विद्यार्थीले अध्यक्ष मेहतासमक्ष गुनासो गरेका थिए ।
विद्यालय र विद्यार्थीहरुको समस्या बुझ्दै अध्यक्ष मेहताले आफू गम्भीर रहेको र समाधानमा लाग्ने प्रतिबद्धता व्यक्त गरे । पालिकाले आगामी दिनमा सम्पूर्ण विद्यालयको अनुगमन गरी उत्पन्न समस्या समाधान गर्न पहल गर्ने र गुणस्तरीय पठनपाठनका लागि आवश्यक पर्ने भौतिक निर्माण तथा शिक्षक दरबन्दीमा ध्यान दिने प्रमुख प्रशासकीय अधिकृत चौधरीले बताए ।

# अर्थमन्त्रीलाई उद्योगीहरुको ज्ञापन पत्र



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेशको आर्थिक समृद्धिसँग सरोकार राख्ने १५ बुँदे घोषणा पारित गर्दै नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशको बोर्ड बैठक सम्पन्न भएको छ । बोर्ड बैठक पछि महासंघले १५ बुंदे घोषणा सहितको माग पत्र अर्थमन्त्री डा.प्रकाश शरण महतलाई बुझाएको छ ।
महासंघका पदाधिकारीहरुले अर्थमन्त्री महतसँग उद्योग व्यवसायको अवस्था, कर, मूल्यवृद्धि, आन्तरिक महशुल, कर्जा ऐन लगायतका विषयमा छलफल गरेको नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानीले बताए ।
त्यसैगरी मधेश प्रदेशको कृषि क्षेत्रमा गर्नु पर्ने कार्यहरुका सम्बन्धमा कृषि तथा पशुपन्छी विकास मन्त्री डा. वेदुराम भुसालसँग पनि भेटघाट गरेको अध्यक्ष टेमानीले बताए ।
महासंघको काठमाडौंमा सम्पन्न बैठकले मधेश प्रदेशका कम्तीमा ३ स्थानमा औद्योगिक क्षेत्रको स्थापना गरिनु पर्ने, निजगढ अन्तर्राष्ट्रिय विमान स्थल निर्माण कार्यलाई तत्काल अगाडी बढाउनु पर्ने, वैदेशिक व्यापार सहजीकरणका लागि जलेश्वर भन्सार कार्यालयको स्तरोन्नती गर्नु पर्ने उल्लेख छ । यस्तै, मुख्य भन्सार नाकाहरूमा अन्तर्राष्ट्रियस्तरका खाद्य प्रयोगशाला स्थापना गरिनु पर्ने, ढल्केबर–सीतामढी प्रसारण लाइनलाई ५ सय केभीएसम्म विस्तार गरिनुपर्ने, जयनगर–जनकपुरधाम रेल सेवालाई वर्दिवाससम्म लैजाने र त्यसलाई बाराको पथलैयासम्म विस्तार गर्ने गुरुयोजनालाई द्रुत गतिमा अगाडि बढाउनुपर्ने, मधेश प्रदेशको वीरगंजमा राजस्व न्यायाधिकरणको स्थापना गरिनु पर्ने लगायतका १५ बुँदे घोषणा पारित गरेको छ ।
त्यसैगरी महासंघले मधेशमा अन्तर्राष्ट्रियस्तरको पोलिटेक्निकल इन्स्टिच्युट स्थापना, हुलाकी राजमार्गको तीव्र निर्माण, भारतबाट आउने यात्रीकालागि सिमानामा भारतीय मुद्राको सटही काउन्टर स्थापनाबारे ज्ञापन पत्र दिइएको छ । अन्तर्राष्ट्रियस्तरको कृषि नगरको स्थापना, सौर्य उर्जा उत्पादन केन्द्रको स्थापना, बाराको सिमरा–जीतपुर क्षेत्रमा श्रमिक अस्पतालको स्थापना, वीरगंजमा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी कक्षको निर्माण गर्नु पर्ने माग गरेको महासंघका पूर्व अध्यक्ष गणेश लाठले बताए ।

# जग्गादाता शर्मा सम्मानित



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले समाजसेवी मुरलीधर शर्मालाई सम्मानित गरेका छन् । वडा नम्बर ६ मा २०३८ सालमा विद्यालय सञ्चालनका लागि ५ कठ्ठा जगा दान गर्ने जग्गादाता शर्मालाई समाजसेवामा पुर्याएको योगदानको कदर गर्दै प्रमुख सिंहले सम्मान गरेका हुन् ।
समाजसेवी शर्माले आफ्नी आमा स्वर्गीय राधा देवीको नाममा विद्यालय सञ्चालनका लागि जग्गा दान गरेका थिए । विद्यालयलाई लायन्स क्लबले व्यवस्थित रुपमा सञ्चालन गर्दै आएको छ भने विद्यालय सञ्चालनका लागि महानगरले सहकार्य गर्दै आएको छ ।

सुचना ! सुचना !! सुचना !!!

यस जनकपुरधाम उपमहानगरपालिका भित्र संचालित सम्पूर्ण संस्थागत विद्यालयका संस्थापक/प्रिन्सिपलज्यूलाई जानकारी गराइन्छ कि आ-आफ्नो स्कूलबाट T.C. नलिई अन्य स्कूलमा भर्ना गराइएको विद्यार्थीको सम्पूर्ण विवरण यही मंसिर २० गते सम्म PABSON वा N-PABSAN नगर कमिटीमा दर्ता गराउन अनुरोध छ।
उक्त समयपछि T.C. चेक जाँचमा आउँदा विना T.C. विद्यार्थी भर्ना भएको पाइएमा भर्ना लिने विद्यालय नै नेपाल सरकारको शिक्षा नियमावलीबमोजिम दोषी ठहर भई त्यस स्कूलमाथि सामाजिक, प्रशासनिक कारबाही साथै पत्रपत्रिका तथा समाचारमा समेत विद्यालय, विद्यार्थी तथा अभिभावकको नाम, ठेगानासहित आउने हुँदा यसै समय सिमाभित्र T.C. (Transfer Certificate) लिनु हुन अभिभावक साथै हाल अध्ययनरत विद्यार्थीलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

आग्रहकर्ता
N-PABSAN तथा PABSON
इकाई कमिटी
जनकपुरधाम उपमहानगरपालिका

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन